# राजपुर गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

राजपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ

लुम्बिनी प्रदेश

# राजपुर गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

(२०८०/८१-२०८२/८३)

## Revenue Improvement Action Plan (RIAP) of Rajpur Rural Municipality, Gangadi, Dang

आर्थिक तथा प्राविधिक सहयोगः

**राजपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गंगदी, दाङ**

प्राविधिक सहजिकरणः

अस्पिसियस इन्भाइरोमेन्टल कन्सल्ट प्रा.लि.

लोकन्थली, भक्तपुर

# कृतज्ञता

नेपालको संविधानको धारा ५९मा उल्लेख भए अनुसार संघ, प्रदेश र स्थानीय तहलाई आ-आफ्नो आर्थिक अधिकार सम्बन्धी कानुन बनाउने, बार्षिक बजेट बनाउने, आर्थिक बिषयमा निर्णय गर्ने र नीति तथा योजना तयार गरी कार्यन्वयन गर्ने अधिकार प्रदान गरेको छ । संविधान प्रदत्त र उपलब्ध राजस्वका स्रोतहरूको अधिकतम प्रयोग, नयाँ र सम्भावित स्रोतहरूको पहिचाहन र करदाताको दायरालाई फराकिलो बनाउँदै गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्न योजनाबद्ध कदमहरू चालेर गाउँपालिकालाई आर्थिक हिसावले सवल बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यका साथ यो राजपुर गाउँपालिकाले राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan – RIAP) तयार गरेको हो ।

यस कार्ययोजना तयार पार्न अस्पिसियस इन्भाइरोमेन्टल कन्सल्ट प्रा.लि. लाई जिम्मेवारी दिनु हुने राजपुर गाउँपालिकाका अध्यक्ष श्री शरदकुमार बुढाथोकी, उपाध्यक्ष श्री धनपतीदेवी यादव, प्रमुख प्रशासकीय अधिकृत श्री बिष्णुप्रसाद पाण्डेय तथा गाउँ कार्यपालिका कार्यालय परिवार प्रति हामी कृतज्ञता व्यक्त गर्दछौ।

राजश्व सुधार कार्ययोजना तर्जुमाको क्रममा तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रतिवेदन तयारीको कार्यशाला, छलफल तथा बैठक लगायतका विभिन्न चरणहरूमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुर्‍याउनु हुने राजपुर गाउँपालिकाका सम्पूर्ण जननिर्वाचित पदाधिकारीहरु तथा कर्मचारीहरू प्रति हार्दिक आभार व्यक्त गर्दै नवनिर्वाचित पदाधिकारीहरुबाट यस राजश्व सुधार कार्ययोजनाको पूर्ण कार्यान्वयनको समेत अपेक्षा गरेका छौं ।

**✍ पुरूषोत्तम खतिवडा /राजु खनाल**
अस्पिसियस इन्भाइरोमेन्टल कन्सल्ट प्रा.लि.
लोकन्थली, भक्तपुर

# विषयसूची


**परिच्छेद एक - परिचय ........ १**

१.१ पृष्ठभूमि ........ १

१.२ औचित्य ........ १

१.३ अध्ययनको उद्देश्य ........ २

१.४ योजना तर्जुमा विधि र प्रक्रिया ........ २

४.१.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन ........ २

४.१.२ तथ्याङ्क एवम् सूचना सङ्कलन ........ ३

४.१.३ छलफल एवम् कार्यशाला आयोजना ........ ३

४.१.४ तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयारी ........ ४

१.५ प्रतिवेदनको ढाँचा ........ ४

१.६ अध्ययनको सीमाहरू ........ ४

**परिच्छेद दुई - गाउँपालिकाको संक्षिप्त परिचय ........ ५**

२.१ गठन तथा भौगोलिक अवस्थिति ........ ५

२.२ मानवीय संसाधन ........ ६

२.४ राजपुर गाउँपालिकाको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धीः ........ ७

२.५ राजस्व परिचालन सम्बन्धी नीति ........ ८

२.६ आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ ९

२.७ आन्तरिक आय सङ्कलन तथा राजस्व संरचनाको अवस्था ........ ११

२.८ राजस्व परिचालनका लागि प्रशासनिक व्यवस्था ........ ११

**परिच्छेद तीन - राजस्व परिचालनको वर्तमान अवस्था पुनरावलोकन ........ १३**

३.१ स्थानीय सरकारको राजस्व अधिकार ........ १३

३.१.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक व्यवस्था ........ १३

३.१.२ राजस्व अधिकार सम्बन्धी संघीय ऐनका व्यवस्था ........ १४

**परिच्छेद चार - आन्तरिक आय सम्भावना विश्लेषण ........ १९**

४.१ आन्तरिक आय स्रोतका प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ........ २०

४.१.१ सम्पत्ति कर ........ २०

४.१.२ मालपोत वा भूमि कर ........ २२

४.१.३ घरजग्गा वहाल कर ........ २३

४.१.४ व्यवसाय कर ........ २४

४.१.५ जडिवुटी, कवाडी, जीवजन्तु कर ........ २६

४.१.६ विज्ञापन कर ........ २७

४.१.७ बिक्रीबाट प्राप्त रकम (ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री) ........ २८

४.१.८ बहाल बिटौरी शुल्क ........ २९

४.१.९ नक्सा पास दस्तुर ........ ३०

४.१.१० सिफारिश तथा प्रमाणित दस्तुर ........ ३२

४.१.११ पर्यटन शुल्क ......................................................................................................................३३
४.१.१३ सामुदायिक वनबाट प्राप्त रकम.........................................................................................................३३
४.१.१४ सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय ..............................................................................................३४
४.१.१४ अन्य सेवा शुल्क (फोहरमैला व्यवस्थापन शुल्क)........................................................................................ ३५
४.१.१८ अन्य विविध आय...................................................................................................................३६
४.२ राजस्व परिचालनमा रहेका सवालहरू............................................................................................................३६

**परिच्छेद पाँच - राजस्व सुधार कार्ययोजना..........................................................................................३८**
५.१ कर तथा गैरकर राजस्व सुधार योजना.......................................................................................................३८
५.२ नयाँ क्षेत्र पहिचान तथा परिचालन सुधार योजना ............................................................................................ ४१
५.३ राजस्व प्रशासन सुधार योजना ........................................................................................................................४२

**परिच्छेद छ - आगामी तीन वर्षको आय प्रक्षेपण ..................................................................................... ४४**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ............................................................................... ४४
६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण.............................................................................................४७

**परिच्छेद सात - निष्कर्ष तथा सुझाव ........................................................................................................ ४९**
७.१ निष्कर्ष तथा सुझाव......................................................................................................................................४९
७.२ कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन........................................................................................................५०

**सन्दर्भ सामग्रीहरू.................................................................................................................................५२**

**अनुसूचीहरू...............................................................................................................................................५३**
अनुसूची —१ः तथ्याङ्क सङ्कलन औजारहरू.................................................................................................. ५३
अनुसूची- २ः अन्तर्क्रिया/छलफलकालागि समुह बिभाजन.............................................................................. ६२

# तालिका सूची


तालिका १: राजस्व परामर्श समिति....................................................................................................................८
तालिका २: आन्तरिक आय परिचालनको वर्तमान अवस्था...............................................................................९
तालिका ३: सम्पत्ति करका करदाता सम्बन्धी विवरण................................................................................... २१
तालिका ४: भूमि करको दर................................................................................................................ २२
तालिका ५: मालपोत वा भूमि कर करदाता सम्बन्धी विवरण........................................................................ २३
तालिका ६: प्रयोजनका आधारमा बहाल लिने करदाता सम्बन्धी विवरण .........................................................२४
तालिका ७: व्यवसाय करको सम्भाव्यता विवरण.......................................................................................२५
तालिका ८: नक्सा पास दस्तुरको सम्भाव्यता विवरण ..................................................................................३१
तालिका ९: शिफारिस तथा प्रमाणित दस्तुर सम्बन्धी विवरण........................................................................ ३२
तालिका १३: कर राजस्व सुधार योजना.........................................................................................................३८
तालिका १४: नयाँ क्षेत्र पहिचान तथा परिचालन सुधार योजना.................................................................... ४१
तालिका १५: राजस्व प्रशासन सुधार योजना ..................................................................................................४२
तालिका १३: आगामी आ.व.का लागि राजस्व प्रक्षेपका आधारहरू............................................................... ४४
तालिका १४: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण ................................................................................४७
तालिका १५: प्रक्षेपित आय संरचना (राजस्व सूधार कार्ययोजनाको कार्यान्वयनको आधारमा) ..........................४९
तालिका १६: राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण .......................................................................५४
तालिका १७: गाउँपालिकाका आयका स्रोतहरू तथा हालको अवस्था..............................................................५४
तालिका १८: गाउँपालिकाको स्वामित्व वा भोगचलनमा रहेका जग्गा ............................................................ ५६
तालिका १९: गाउँपालिकाको स्वमित्वमा रहेका भवन.................................................................................. ५६
तालिका २०: भवन सम्बन्धी विवरण............................................................................................................५७
तालिका २१: जग्गा सम्बन्धी विवरण ...........................................................................................................५७
तालिका २२: सवारी साधन सम्बन्धी विवरण.................................................................................................५८
तालिका २३: व्यापार व्यवसाय सम्बन्धी विवरण ...........................................................................................५८
तालिका २४: खानीजन्य वस्तु विक्री तथा निकासी ..........................................................................................५८
तालिका २५: जडिबुटी, कवाडी र जिवजन्तु (ब्यवसायिक उपयोग)...................................................................५९
तालिका २६: वहाल विटौरी..........................................................................................................................५९
तालिका २७: गाउँपालिकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका तथा सेवाग्राहीलाई उपलब्ध गराउने सेवा..... ६०
तालिका २८: राजस्वका शीर्षकगत दर, दायरा तथा प्रक्षेपण उपसमिति .......................................................... ६२
तालिका २९: राजस्वका शीर्षकगत दर निर्धारण ............................................................................................ ६२
तालिका ३०: कर राजस्व सुधार योजना उपसमिति.........................................................................................६३
तालिका ३१: राजस्व सुधार योजना ...............................................................................................................६३
तालिका ३२: गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत) उपसमिति............................................................६४
तालिका ३३: अन्य आय सम्भावित क्षेत्र सुधार योजना...................................................................................६४
तालिका ३४: राजस्व प्रशासन उपसमिति .......................................................................................................६४
तालिका ३५: राजस्व प्रशासन (आयको लगत अभिलेख तथा सङ्कलन, संगठन र समन्वय)................................ ६५
तालिका ३६: तथ्याङ्क तथा सूचना सङ्कलन कार्यदल...................................................................................... ६५

# परिच्छेद एक - परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ५९ ले संघ, प्रदेश र स्थानीय तहलाई आ-आफ्नो आर्थिक अधिकार सम्बन्धी कानुन बनाउने, बार्षिक बजेट बनाउने, आर्थिक बिषयमा निर्णय गर्ने र नीति तथा योजना तयार गरी कार्यन्वयन गर्ने अधिकार प्रदान गरेको छ । संविधान बमोजिम संघबाट प्रदेश र स्थानीय तहलाई र प्रदेशबाट स्थानीय तहलाई वित्तीय हस्तान्तरणको वास्तविक अभ्यास शुरु भएबाट बिगतमा नेपाल सरकारले उठाइ आएको राजस्वमध्ये केही राजस्वका स्रोतहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएका छन् । संविधानले संघीय, प्रदेश र स्थानीय तीनै तहका सरकारहरूको अधिकार र क्षेत्र तोकेको छ । संविधानको अनुसूची ५, ६ र ८ मा क्रमशः संघ, प्रदेश र स्थानीय तहको अधिकारलाइ सुचिकृत गरिएको छ भने अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार उल्लेख गरिएको छ । बित्तीय संघीयताले बित्तीय अधिकार र जिम्मेवारीलाई संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँड गर्दछ ।

यसै परिप्रेक्षमा, संविधान प्रदत्त र उपलब्ध राजस्वका स्रोतहरूको अधिकतम प्रयोग, नयाँ र सम्भावित स्रोतहरूको पहिचाहन र करदाताको दायरालाई फराकिलो बनाउँदै गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्न योजनाबद्ध कदमहरू चालेर गाउँपालिकालाई आर्थिक हिसावले सवल बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यका साथ यो राजपुर गाउँपालिकाको राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan – RIAP) तयार गरिएको छ । मुलुक संघीय गणतन्त्रामक संरचनामा प्रवेश गरी जनताको दैलोमा रहेको स्थानीय सरकारसँग जनताका आकांक्षा तथा चाहानाहरू उल्लेखनीय रुपमा वृद्धि भएको अवस्था छ । स्थानीय जनप्रतिनिधिहरूले निर्वाचनको समयमा जाहेर गरेका थुप्रै प्रतिबद्धताहरूलाई पूरा गर्दै लैजानु पर्ने आवश्यकता छ । स्थानीय तहमा नयाँ परिवेश र त्यस अनुरुप चल्ने सिलसिलामा जनप्रतिनिधिहरूको अनुभवमा कमी, दक्ष जनशक्तीहरूको अभाव र भौतिक पूर्वाधारहरूको कमी जस्ता कुराहरूको कारण स्थानीय राजस्व परिचालनमा अपेक्षाकृत उपलब्धिहरू हासिल हुन नसकिरहेको तीतो सत्य सबैको सामु छर्लङ्ग रहेको छ । यस्तो अवस्थामा स्थानीय तहहरूले आ-आफ्नो जिम्मेवारी पूरा गर्न र जन चाहना अनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाउनु आजको आवश्यकता हो । स्थानीय सरकारको बढ्दो खर्च धान्नका लागि र उनीहरूको सामर्थ्य वृद्धि गर्नको लागि स्थानीय तहको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नु अपरिहार्य छ। गाउँपालिकाको वर्तमान बित्तीय अवस्था, राजस्व क्षमता र राजस्व परिचालनका लागि लिनुपर्ने रणनीति र कार्यनीतिहरू समावेश गरिएको छ ।

## १.२ औचित्य

राजपुर गाउँपालिकामा उठाइने राजस्वलाई राजस्व बढाउने स्रोतको रुपमा मात्र नलिएर यसलाई स्थानीय आर्थिक विकासको उत्प्रेरक र जवाफदेहिता तथा सक्षमता अभिवृद्धि गर्ने माध्यमको रुपमा लिई स्थानीय तहका राजस्व अधिकारका सम्भावनाहरूको खोजी गर्न, आवस्यक नीतिगत, कानुनी र व्यवस्थापकिय सुधारका उपायहरूको पहिचान गरी तिनको कार्यान्वयन गरी भविष्यका दिनमा पहिचान गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कामको लागि यो राजस्व सुधार कार्ययोजनाले औजारक (Tools) को रूपमा काम गर्ने विश्वास गरिएको छ । गाउँपालिकाका जनताहरूबाट निर्वाचित

जनप्रतिनिधिहरू, स्थानीय बासीहरूले आफ्नै पालिकाको विकासको लागि उठाइने कर वा गैरकर वापत तिरेको रकमको कसरी सदुपयोग भइरहेको छ भन्ने कुराको लेखाजोखा समेत स्थानीय सर्वसाधारणले आ-आफ्नै तरिकाले विश्लेषण गरिरहेका हुन्छन् । गाउँपालिकामा थप आन्तरिक राजस्व परिचालन गरी यसको अधिकार क्षेत्रभित्रका उपलब्ध आन्तरिक आयका स्रोतहरूबाट सम्भावित राजस्व पहिचाहन गर्न आवश्यक हुन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ भित्र रहेर बनाइएको यस राजस्व सुधार कार्ययोजनाले यस पालिकको राजस्व क्षमताको पहिचान गर्न समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसले प्रभावकारी ढंगले राजस्व सङ्कलन गर्न गाउँपालिकालाई थप मद्दत पुऱ्याउँछ भन्ने विश्वास गरिएको छ । साथै यस अध्ययनबाट तयार गरिएको राजस्व सुधार कार्ययोजना नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्तीय आयोगको लागि स्थानीय तहलाई उपलब्ध गराउने समानीकरण अनुदान सम्बन्धी मापदण्ड र सन्दर्भ समाग्रीको रुपमा समेत उपयोगी हुनसक्ने अपेक्षा गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको समग्र उद्देश्यहरू यस प्रकार छन्:

- गाउँपालिकाको विद्यमान आन्तरिक राजस्वको समीक्षा गर्ने ।
- गाउँपालिकाका आन्तरिक स्रोतका सम्भावनाहरूको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आयका आधार, दर, राजस्व परिचालनमा रहेको क्षमता विश्लेषणको आधारमा सुझाव सहितको राजस्व प्रक्षेपण गर्ने ।

## १.४ योजना तर्जुमा विधि र प्रक्रिया

यस राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यकालागि विभिन्न सन्दर्भ सामाग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना सङ्कलनको लागि आवस्यक फारामहरूको विकास, अभिमूखिकरण कार्यक्रम तथा कार्यशाला गोष्ठी लगायतका समावेशी र सहभागितामूलक छलफलको सारांशको अध्ययन, तथ्याङ्क सङ्कलन तथा विश्लेषण जस्ता विधि र प्रक्रियाहरू अवलम्बन गरिएको थियो । अध्ययनको क्रममा अवलम्बन गरिएका विधिहरूको संक्षिप्त ब्याख्या तल गरिएको छ:

### ४.१.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

अध्ययन कार्यको पहिलो चरण बिज्ञहरूबाट बिभिन्न स्रोत सामाग्रीहरूको सङ्कलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामाग्री देहाय अनुसार रहेका छन्:

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी बित्तीय व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायीत्व सम्बन्धी ऐन, २०७६
- राजपुर गाउँपालिकाको आर्थिक ऐन, २०७९
- राजपुर गाउँपालिकाको बार्षिक योजना, कार्यक्रम तथा बजेट, २०७९

- गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७६

### ४.१.२ तथ्याङ्क एवम् सूचना सङ्कलन

अध्ययनको निम्ति आवस्यक तथ्याङ्क एवम् सूचनाहरू सङ्कलनको निमित्त **अनुसूची १** मा उल्लेख भए बमोजिमका फाराम प्रयोग गरी गाउँपालिका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, लेखा तथा राजस्वका कर्मचारीहरूसँग छलफल एवम् अन्तरक्रिया गरेर आवस्यक तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएको थियो।

- राजपुर गाउँपालिकाको वस्तुगत विवरण
- वर्तमान राजस्व प्रशासनको अवस्था (संगठन संरचना, कर्मचारी, राजस्व असुली तथा भौतिक सुविधा आदि)
- राजस्व परिचालनको लागि अबलम्वन गरिएका नीतिगत व्यवस्थाहरू
- आन्तरिक आय सङ्कलनको अवस्था, स्रोत, क्षेत्र, तथा दर सम्बन्धी बिस्तृत विवरण
- आन्तरिक आय सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क एवम् सूचना सम्बन्धित तथ्याङ्क, सरोकारवालाहरूसँगको छलफल, स्थलगत भ्रमण तथा अवलोकन

### ४.१.३ छलफल एवम् कार्यशाला आयोजना

राजस्व संभाव्यता अध्ययन तथा सुधार कार्ययोजना तर्जुमा कार्यकालागि अस्पिसियस इन्भाइरोमेन्टल कन्सल्ट प्रा.लि.को प्राविधिक टोली २०७९ चैत्र ५ गते राजपुर गाउँपालिकामा उपस्थित भई गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित कर्मचारी तथा सरोकारवालासँग परामर्श गरिएको थियो । सो परामर्शमा स्थानीय राजस्व संभाव्यता अध्ययन तथा राजस्व सुधार योजना तर्जुमा कार्यक्रम संचालनको ढाँचा, अध्ययन तथा योजना तर्जुमा विधि तथा प्रक्रिया, अपेक्षित उपलब्धि र सूचना विवरण आदि बारे छलफल गरिएको थियो । गाउँपालिकाको राजस्व परिचालन सम्वन्धमा गाउँ कार्यपालिकाका पदाधिकारी तथा कर्मचारीहरू, राजस्व परामर्श समितिका सदस्यहरू तथा अन्य सरोकारपक्षहरूलाई अभिमुखीकरण गर्न तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न २०७९ चैत्र ०५ गते अभिमुखीकरण तथा कार्ययोजना तर्जुमा कार्यशाला आयोजना गरिएको थियो ।

कार्यक्रमको दौरानमा विभिन्न समुहहरूमा विभाजन गरेर समुहगत रुपमा राजस्व सुधार कार्ययोजनाको मस्यौदा तयार गर्न लगाई पूर्णसत्रमा सोको प्रस्तुति गरिएको थियो । पूर्ण सत्रबाट प्राप्त सुझावहरूलाई समेत राजस्व सुधार कार्ययोजनामा समावेश गरिएको थियो । सम्पत्ति कर व्यवसाय कर, घर जग्गा बहाल कर, प्राकृतिक स्रोत बिक्री तथा निकासी शुल्क दर निर्धारण, प्रक्षेपण र असुली प्रक्रिया बारेमा सहभागीहरूलाई अभ्यास समेत गराइएको थियो । समुह छलफलका लगि बनाइएका समुहहरू यस प्रकार रहेका थिएः

समुह १ः राजस्वका शीर्षकगत दर, दायरा तथा प्रक्षेपण

समुह २ः कर राजस्व सुधार योजना

समुह ३ः गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत)

समुह ४ः राजस्व प्रशासन (आयको लगत अभिलेख तथा सङ्कलन, संगठन र समन्वय)

### ४.१.४ तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयारी

यस प्रतिवेदन तयारीको सिलसिलामा समूहगत छलफल र बिभिन्न दस्तवेजहरू अध्ययनबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई विश्लेषण गरिएको छ । गाउँपालिकाबाट प्राप्त भएका सुझावहरू तथा सूचनाहरूलाई व्यवस्थित गरी बिभिन्न तालिकाहरूमा प्रस्तुत गरिएको छ । सम्पत्ति कर लगायत अन्य करहरूको वर्तमान अवस्था र प्रक्षेपण सम्बन्धी बिस्तृत विवरण उल्लेख गरिएको छ । मस्यौदा प्रतिवेदनमा गाउँपालिकाका अधिकारीहरूसँगको परामर्शबाट प्राप्त सुझावहरू समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

## १.५ प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा छ वटा परिच्छेदहरू रहेका छन् । परिच्छेद एकमा समग्र अध्ययनको परिचय, परिच्छेद दुईमा गाउँपालिकाको संक्षिप्त परिचय,परिच्छेद तीनमा राजस्व परिचालनको वर्तमान अवस्था पुनरावलोकन, परिच्छेद चारमा आन्तरिक आय सम्भावना विश्लेषण, परिच्छेद पाँचमा राजस्व सुधार कार्ययोजना, परिच्छेद छमा आगामी ३ वर्षको आय प्रक्षेपण र परिच्छेद सातमा निष्कर्ष तथा सुझावको बारेमा उल्लेख गरिएको छ ।

## १.६ अध्ययनको सीमाहरू

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निम्नअनुसारका सीमामा रही तयार गरिएको छः

- यस अध्ययन विशेष गरी गाउँपालिकाको कार्यालयबाट प्राप्त दस्तावेजहरू, गाउँपालिकाका पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूबाट प्राप्त सुचना र छलफलका आधारमा तयार गरिएको छ।
- राजस्व प्रक्षेपण गाउँपालिकाको वर्तमान जनसंख्या, आर्थिक गतिविधि, गाउँपालिकाले प्रदान गर्ने सेवा, सम्पत्तिको मूल्याङ्कन दर र राजस्व दरलाई आधार मानी गरिएको छ ।
- राजस्व प्रक्षेपण गर्ने क्रममा करदाताको संख्या सम्बन्धी आधिकारिक आधार तथ्याङ्क प्राप्त हुन नसकेको अवस्थामा सहभागीद्वारा उपलब्ध भएको सूचनालाई आधार मानिएको छ ।
- छलफलबाट प्राप्त सुझाव अनुसार वर्तमान करका दरहरू यथावत राखी सोही बमोजिम आगामी तीन आर्थिक बर्षको राजस्व प्रक्षेपण गरिएको छ ।

# परिच्छेद दुई - गाउँपालिकाको संक्षिप्त परिचय

## २.१ गठन तथा भौगोलिक अवस्थिति

साविकको बेला र राजपुर गाविसहरुलाई गाभेर बनाइएको राजपुर गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत दाङ जिल्लाका १० स्थानीय तह मध्ये एक हो । यो गाउँपालिका ५७७.३३ व.कि.मी. क्षेत्रफलमा विस्तारित छ र यसमा ७ वटा वडाहरु रहेका छन् । यो गाउँपालिका राजधानी काठमाण्डौंबाट २८० कि.मी. पश्चिममा अवस्थित छ । पूर्वमा गढवा गाउँपालिका र लमही नगरपालिका, पश्चिममा बाँके जिल्ला, उत्तरमा लमही नगरपालिका तथा दक्षिणमा भारतको सिमाना भित्र पश्चिम पूर्व हुँदै बग्ने राप्ती नदीसँगै प्राकृतिक, भौगोलिक, सास्कृतिक, मनोरमताले यो गाउँपालिका सिंगारिएको छ । विश्व मानचित्रमा ८२°६' देखी ८२° ३०' सम्म पूर्वी देशान्तर र २७°३९' देखी ८२° ३०' उत्तरी अक्षांशसम्म अवस्थित यो गाउँपालिका समुन्द्र सतहदेखि करिब १८७ मिटर देखी ८५२ मिटर सम्म को उचाइमा छ । प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं १ मा पर्ने ५७७.३३ बर्ग किलोमिटर क्षेत्रफल भएको यो गाउंपालिका दाङ जिल्लाको सबैभन्दा ठुलो गाउँपालिका हो । खुला दिसामुक्त र पूर्ण खोपयूक्त यस गाउँपालिकाको चारैतिर खेतीयोग्य जमिन रहेको छ । राष्ट्रिय जनगणना २०७८ का अनुसार यस गाउँपालिकामा रैथाने थारु, यादब, मगर, क्षेत्री, कामी, कुमाल, दमाई लगाएत जातजातिका साथसाथै विभिन्न धर्म र सस्कृतिका ५,८२९ घरधुरी छन् जसमा महिला १४,२८८ (५०.४%) र पुरुष १४,०५८ (४९.६%) गरी जम्मा २८,३४६ जनसंख्या रहेकोछ । यस्तै यहाँको लिगंको अनुपात ९८.३९ र नेपालमा गरिबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार गरिबीको रेखा मुनी रहेको जनसंख्या २५.०५५ रहेको छ ।

राजपुर गाउँपालिका दाङ जिल्लाको कम विकसित गाउँपालिकाहरु मध्ये एक हो । यसको उत्तरी क्षेत्रमा चुरे पर्वत र त्यस अन्तर्गतको भावर प्रदेश रहेको छ भने त्यसभन्दा दक्षिणी भागमा समथर तराई क्षेत्र रहेको भुवनोट छ । प्राकृतिक सम्पदाले सुसम्पन्न र उर्वर मलिलो माटोका कारण प्रशस्त कृषि उत्पादन हुने संभवना भएता पनि १२ महिना पानीको श्रोत नभइ आकाशे पानीको भर पर्नुपर्ने अवस्था र आज भोलि घर घडेरी, मोटर बाटो निर्माण, कृषिमा मानिसको कम प्राथमिकता आदि कारणले उत्पादन दिन प्रतिदिन घट्दै जानुका साथसाथै वातावणीय रुपमा प्रतिकुल असर समेत परेको छ ।

यहाँ मौसम अनुसारका खेती बाह्रै महिना गर्न सकिन्छ । मुख्य बाली धान, गहुँ, मकै, मास, मसुरो, रहर, आलस, तोरी, केराउ, भटमास, उखु, कपास, सनपाट, आलु आदि हुन् । आजभोलि व्यवसायिक रुपमा बेमौसमी तरकारी खेती, च्याउ खेती, पशुपालन, हाँस, कुखुरा पालन गरिंदै आएको छ । महेन्द्र राजमार्गसँगको कम दुरी र बाँके जिल्लासँगको पहुँच भएकाले उत्पादित खाद्यन्न तथा तरकारी नजिकैका स्थानीय हाटबजारहरु (राजपुर, लक्ष्मीपुर, फुलबारी, बेला आदि), लमही र नेपालगञ्ज बेचबिखन गरिन्छ । यस जिल्लामा उष्ण प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि भाद्र सम्म गर्मी हुन्छ । आश्विन, कार्तिक, मंसिर र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने पौष र माघ महिनामा निकै जाडो हुन्छ । जेष्ठको अन्त्यदेखि भाद्रसम्म मनसुनी वायुका कारण प्रशस्त बर्षा हुने गर्छ ।

राजपुर गाउँपालिकाको विद्यमान भू-उपयोग हेर्दा गाउँपालिकाको १३६.७७ व.कि.मि. (२३.७१ प्रतिशत) जग्गा खेती योग्य जमीनको रुपमा रहेको छ भने ४२२. ५२ व.कि.मि. (७३.२५ प्रतिशत) वनले आगेटेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । गाउँपालिकामा वगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ ।

**प्रशासनिक विभाजनः**

- प्रदेशः- लुम्बिनी प्रदेश
- जिल्लाः- दाङ
- जिल्ला सदरमुकामः- घोराही
- गाउँपालिका केन्द्रः- राजपुर गा.पा.-०४, गंगदी,
- जम्मा वडाः- ७

## २.२ मानवीय संसाधन

गाउँपालिकाको दोस्रो निर्वाचन २०७९ मा सम्पन्न भई सोही निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरू मार्फत गाउँपालिकाको कार्य संचालन भइरहेको छ । यस गाउँपालिकामा जम्मा ४८ जना गाउँसभा सदस्यहरू र जम्मा १६ जना कार्यपालिका सदस्यहरू रहेका छन् ।

राजपुर गाउँपलिकाको सङ्गठन संरचना अनुसार गाउँसभा गाउँपालिकाको सर्वोच्च निकायको रुपमा रहेको छ जसप्रति गाउँ कार्यपालिका उत्तरदायी हुने गर्दछ । गाउँसभा अन्तर्गत लेखा समिति, सुशासन समिति तथा आवश्यकता अनुसार अन्य समितिहरू रहने व्यवस्था गरिएको छ । यसैगरी, गाउँ कार्यपालिकाको प्रमुख कार्यक्षेत्र अन्तर्गत गाउँपालिकाको विकास, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन जस्ता कार्यहरू रहेका छन् ।

गाउँ कार्यपालिकाको प्रमुखको रुपमा अध्यक्ष र उपप्रमुखको रुपमा उपाध्यक्ष (निर्वाचित पदाधिकारी) रहने व्यवस्था गरिएको छ । यसैगरी उपाध्यक्षले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहिआएको छ । गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत (सातौं/आठौ तह) को रुपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले गाउँसभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज गाउँ सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा प्रशासन, योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास तथा वातावरणा शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, र आन्तरिक लेखापरीक्षण इकाइको संस्थागत व्यवस्था गरिएको छ ।

यस पालिकामा हाल प्रशासन योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, आर्थिक प्रशासन शाखा, सामाजिक विकास शाखा, शिक्षा, युवा तथा खेलखुद शाखा गरी जम्मा ७ वटा शाखा एवं ९ वटा इकाई रहेका छन् । प्रशासन शाखा अन्तर्गत जिन्सी व्यवस्थापन, राजस्व

संकलन तथा कार्यालय प्रशासन इकाई रहेको छ भने यसै शाखाले गाउँपालिकाभित्र रहेका ७ वटै वडाहरूसँग समन्वय गर्ने व्यवस्था पनि रहेको छ ।

बर्तमान अवस्थामा राजपुर गाउँ कार्यपालिकाको कार्यालय वडा नं. ४ गंगदीमा रहेको छ । स्थानीय निर्वाचन पश्चात् कर्मचारी व्यवस्थापन गर्न परेको र संरचनाको हिसावले धेरै कर्मचारीहरू सहितका शाखा/उपशाखा रहने भएकोले विविध पक्षहरूलाई समेट्नु परेकाले विभिन्न किसिमका समस्याहरू सृजना हुने गरेका छन् । यस गाउँपालिका कार्यालयकोलागि कार्य वातावरण र उपयुक्त कार्यकक्ष व्यवस्थापन सहितको नया सुविधा सम्पन्न आधुनिक भवन निर्माण गरिएको भएता पनि जेष्ठनागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरूले सेवा लिनु पर्ने शाखाहरू अपाङ्गमैत्री नभएको अवस्था छ ।

गाउँपालिकाको कर्मचारी दरबन्दी हेर्दा प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरूको दरबन्दी यस कार्यालयमा रहेका छन् । विद्यमान दरबन्दी अन्तर्गत स्वास्थ्य संस्था बाहेकको हाल कार्यरत ५४ जना कर्मचारीमा ७ जना अधिकृत स्तरका, ३६ जना सहायक स्तरका र ११ जना श्रेणी विहिन कर्मचारी कार्यरत रहेको देखिन्छ भने धेरै दरबन्दी रिक्त रहँदा एकै जना कर्मचारीले एक भन्दा बढी जिम्मेवारी बहन गर्नुपर्ने अवस्था रहेको छ । स्थानीय तहमा कर्मचारी दरबन्दीहरू समायोजन भएको र यस गाउँ कार्यपालिकाको कार्यालयमा अझैसम्म सबै पदहरूको सङ्ख्या स्पष्ट हुन नसकेको व्यहोरा यस कार्यालयको प्रशासन शाखाबाट जानकारी हुन आएको छ ।

## २.३ भौतिक सम्पत्ति

गाउँपालिकाको आफ्नै सुविधा सम्पन्न प्रशासकीय कार्यालय भवन निर्माण भैसकेको छ भने ५ वडाहरुमा ७ वटै वडा कार्यालय आफ्नै भवनमा सञ्चालन हुने क्रममा छन् । कार्यालय भवनमा गाउँपालिकाका सम्पूर्ण शाखा, उपशाखा तथा इकाइहरूका संचालनमा रहेका छन् । गाउँपालिकाको स्वामित्वमा १० वटा भवन रहेको छ । गाउँपालिकाको स्वामित्वमा ब्याक हो लोडर, जिप, मोटरसाइकल लगायतका सवारी साधन रहेका छन् । कार्यालय तथा सबै वडाहरूमा कम्प्युटर, प्रिन्टरको सुविधा रहेको साथै सबै वडाहरुमा इन्टरनेटको सुविधा रहेको र सबै वडाबाट अनलाइन सेवा सुचारु भएको छ ।

## २.४ राजपुर गाउँपालिकाको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धीः

**सोचः**

**"कृषि, पशुपन्छी, वन पैदावार भरपूर - सुखी, समृद्ध र सुन्दर राजपुर"**

**लक्ष्य**

आवधिक विकास योजनाले राजपुर गाउँपालिकाको समग्र लक्ष्य "शिक्षा, स्वास्थ्य, कृषि, पशुपन्छी, वन पैदावारको क्षेत्रमा भरपूर लगानी गरी गाउँ पूर्वाधारयुक्त, गाउँबासी सुखी, शिक्षित, सुन्दर, स्वस्थ तथा समृद्ध राजपुर हुनेछ " तय गरेको छ ।

**उद्देश्य**

- कृषि, उद्यम, व्यापार, रोजगारी एवं विविध आर्थिक कृयाकलापको अवस्था सुधार भई आय बृद्धि भएको हुनेछ ।

- गाउँ सफा र गाउँवासी शिक्षित एवं स्वस्थ भएका हुनेछन्, लक्षित वर्गको सशक्तिकरण भएको हुनेछ।
- यातायात, सञ्चार, मानव बस्ती लगायत स्थानीय पूर्वाधार तथा संरचना निर्माण व्यवस्थित, सुरक्षित र दीगो भएको हुनेछ ।
- वन, जैविक तथा हरियाली क्षेत्र बृद्धि भै डुबान, बाढी तथा भूक्षयमा कमी आएको हुनेछ, वातावरण स्वच्छ भएको हुनेछ ।
- गाउँपालिकाको कार्यसम्पादनको स्तर बृद्धि भै र सुशासनको अनुभुति भएको हुनेछ ।

**<u>प्राथमिकता तथा रणनीतिहरू</u>**

- कृषि, पुर्वाधार विकास, सेवा विस्तार तथा प्रवर्द्धन
- कृषियोग्य जमिनको सदुपयोग, कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा बृद्धि
- व्यापार, उद्योग, उद्यमशीलता तथा आर्थिक कृयाकलापहरुको विकास तथा प्रवर्द्धन
- शिक्षा, स्वास्थ्य लगायतका सेवामा सवै वर्गको सहज पहुँच
- खेलकुद, मनोरञ्जन तथा सामाजिक कृयाकलापबाट लक्षित वर्गको सर्वाङ्गीण विकास
- सडक तथा विद्युत पूर्वाधार र उर्जा विकास

**<u>अपेक्षित उपलब्धीः</u>**

राजपुर गाउँपालिकाले लिएको दिर्घकालीन सोच लक्ष्य र उदेश्य अनुरुप नीति तथा कार्यक्रमहरु आत्मसाथ गरी कार्यन्वयनमा लागि आगामी आ.व.मा हरेक क्षेत्रमा जनताले महसुस गर्ने सक्ने गरी विकासका र अन्य गतिविधिहरु सञ्चालन गर्दै भौतिक र आर्थिक दुवै रूपमा बढी भन्दा बढी उपलब्धी हासिल गर्ने अपेक्षा लिएको छ ।

## २.५ राजस्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिकाको बैठकले गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहाय अनुसारका सदस्य रहने गरी राजस्व परामर्श समिति गठन गरेको छः

**तालिका १ः राजस्व परामर्श समिति**

| क्र.सं. | समितिका व्यक्तिहरू (पद) | नाम | समिति (जिम्वेवारी) |
|---|---|---|---|
| १ | गाउँपालिका उपाध्यक्ष | श्री धनपतिदेवी यादव | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत | श्री बिष्णुप्रसाद पाण्डेय | सदस्य |
| ३ | कार्यपालिका सदस्य | श्री टङ्कबहादुर बिष्ट | सदस्य |
| ४ | महिला सदस्य | श्री गङ्गाकुमारी चौधरी | सदस्य |
| ५ | उवासंघ | श्री ..... (प्रतिनिधि) | सदस्य |
| ६ | घरेलु तथा साना उद्ध्योग दर्ता व्यवसायी | श्री ..... (प्रतिनिधि) | सदस्य |
| ७ | राजस्व शाखा | श्री महेशकुमार शर्मा | सदस्य सचिव |

राजस्व परामर्श समितिले राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाउँ सभा समक्ष पेस गरी गाँउ सभाले पारित गरेर स्थानीय राजपत्रमा समेत प्रकाशन गरी गाउँपालिकाको वेबसाइटमा समेत राख्ने गरेको देखिन्छ ।

गाउँपालिको संवैधानिक व्यवस्थाको आधारमा गाउँपालिकाले चालु वर्षकोलागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक बसी आन्तरिक आयको दररेट प्रस्ताव गरी गाउँसभाले सो दररेट स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको छ । आयका शीषर्कगत दायरा तथा उक्त दायराका दररेटहरू राखी गाउँसभा मार्फत आर्थिक ऐन पारित गरिएको हो । गाउँ सभाद्वारा आ.व. २०७९/८० को लागि आन्तरिक आयतर्फ शीर्षकगत वर्गीकरण सहित जम्मा रू. ३ करोड ५४ लाख सङ्कलन हुने अनुमान गरिएको छ ।

वित्तीय प्रणालीलाई सबलीकरण गर्न, सार्वजनिक खर्चको बढ्दो आवश्यकतालाई पूरा गर्न र परनिर्भरतालाई कम गर्न आन्तरिक स्रोत परिचालन आवश्यक छ भन्ने महत्वका साथ राजपुर गाउँपालिकाको गाउँ सभाले आ.व. २०७९/८० का लागि राजस्व सम्बन्धी देहायका नीति अवलम्बन गरेको छः

१. गाउँपालिकाको लेखा प्रणालीलाई चुस्त, दुरुस्त, मीतव्ययी तथा पारदर्शी बनाउनकालागि एकीकृत सफ्टवेयरबाट लेखा प्रणाली सञ्चालन गरिनेछ ।
२. तोकिए बमोजिमको कर नियमित र सहज एवं प्रभावकारी रुपमा बुझाउने करदातालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ ।
३. गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजानिक जग्गाको एकिन लागत तयार गर्ने कार्य अगाडि बढाइनेछ ।
४. गाउँपालिकाको आर्थिक क्षमता बढाउनकालागि गाउँ क्षेत्रमा लागु गर्न सकिने खालका करका दायराहरूको पहिचान गरी करका दर भन्दा दायरा बढाउने नीति लिइनेछ ।
५. नेपालको संविधान र स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकामा दर्ता हुने भनी तोकिएका उद्योग व्यवसायलाई गाउँपालिकामा दर्ता गर्ने व्यवस्था मिलाई त्यसको अभिलेखीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

## २.६ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाब्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आय शीर्षकहरूको संभाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ ।

**तालिका २: आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | नभएको | नभएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | नभएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| ५ | व्यवसाय कर | छ | भएको | भएको |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | छ | नभएको | नभएको |
| **ख.** | **अन्य राजस्व** | | | |

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | छ | नभएको | नभएको |
| २ | नक्सापास दस्तुर | छ | भएको | भएको |
| ३ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| ४ | वहाल विटौरी शुल्क | छ | भएको | भएको |
| ५ | पार्किङ्ग शुल्क | छ | नभएको | भएको |
| ६ | अस्पताल संचालन | छ | नभएको | नभएको |
| ७ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| ८ | स्थानीय खानेपानी महसुल | छैन | नभएको | नभएको |
| ९ | स्थानीय विद्युत महसुल | छैन | नभएको | नभएको |
| १० | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | नभएको | नभएको |
| ११ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि | छ | नभएको | भएको |
| १२ | मूल्याङ्कन सेवा शुल्क | छ | नभएको | नभएको |
| १३ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | छ | भएको | भएको |
| १४ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | नभएको | भएको |
| १५ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १६ | दण्ड जरिवाना | छ | भएको | भएको |

उल्लिखित तालिकाका आधारमा विश्लेषण गर्दा गाउँपालिकाले करतर्फ ६ वटा मध्ये सबै शीर्षकहरूमा आय सङ्कलन गर्ने सम्भावना देखिन्छ, जसमध्ये गाउँपालिकाले हालसम्म ३ वटा शीर्षकहरूको करका दरहरू निर्धारण गरी ३ वटा शीर्षकहरूबाट कर सङ्कलन गरिरहेको छ । सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) कर, जडिबुटी, कवाडी र जिवजन्तु कर तथा सम्पत्ति कर को हकमा भने करको संभावना भएतापनि दर निर्धारण नभएको र कर उसुल नभएको अवस्था छ ।

त्यसैगरी गैरकरतर्फ समग्रमा जम्मा १६ वटा शीर्षकहरू मध्ये १४ वटा शीर्षकहरूबाट आय सङ्कलन गर्ने सम्भावना रहेको देखिन्छ भने २ वटा शीर्षकहरूबाट आय सङ्कलन गर्ने सम्भावना रहेको देखिदैन ।

हालसम्म गाउँपालिकाले जम्मा ९ वटा शीर्षकहरूमा दर निर्धारण गरेको भए तापनि ६ वटा शीर्षकहरूमा मात्र आय सङ्कलन गरिरहेको छ ।

## २.७ आन्तरिक आय सङ्कलन तथा राजस्व संरचनाको अवस्था

गाउँपालिकासँग विगत आर्थिक वर्षहरूको तथ्याङ्कको शीर्षकगत रुपमा अभिलेख राख्ने परिपाटी रहेको देखिन्छ । आन्तरिक आयको अनुमान गर्दा समेत शीर्षकगत रुपमा नगरेर एकमुष्ठ गर्ने गरेकोमा चालु आ.व.बाट शीर्षकगत गर्ने प्रयास गरेको देखिन्छ तर पनि उक्त अनुमान कुनै आधारमा नटेकेर एकमुष्ठ अनुमान गरिएको छ जुन पूर्ण समेत देखिँदैन ।

गाउँपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाले आ.व. २०७७/७८ मा सङ्कलन गरेको यथार्थ आयको विवरण केहि शीर्षक बाहेक अन्यको शीर्षकगत रुपमा नछुट्याइको कारण कुन आय शीर्षकमा कति आम्दानी भयो भनि एकिन नभए तापनि एकमुष्ट रू. १ करोड ३७ हजार सङ्कलन भएको देखिन्छ जसमा भुमीकर मार्फत रू. ४० लाख ६५ हजार र अन्य कर शीर्षकमा रू. ३८ लाख ५७ हजार मुख्य हिस्सा रहेको थियो । गत आ.व. २०७८/७९ मा रू. २ करोड २० लाख अनुमान गरिएकोमा कति रकम सङ्कलन भएको हो यथार्थ आँकडा प्राप्त हुन सकेन भने चालु आ.व. २०७९/८० का लागि गरिएको अनुमानित आम्दानी रू. ३ करोड ४५ लाख मध्ये रू. १५ लाख भूमि कर, र सिफारिस दस्तुर रू. १० लाख लगायत हालसम्म ३९ लाख चालू आ.व. को ६ महिना अवधिमा सङ्कलन भइसकेको देखिन्छ । त्यसैगरी संघ तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँड रू. १५ करोड ९९ लाख ९६ हजार प्राप्त हुने अनुमान रहेको छ ।

## २.८ राजस्व परिचालनका लागि प्रशासनिक व्यवस्था

संगठन संरचनामा यस गाउँपालिकाले प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत रहने गरी राजस्व उपशाखा गठन गरे तापनि व्यवहारमा उपशाखाको कार्य विवरण अनुसारको कार्य संचालन भएको देखिंदैन । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल राजपुर गाउँपालिकाको राजस्व सङ्कलनको अवस्था देहाय अनुसार रहेको छ :

- राजस्व उपशाखामा १ जना करार कर्मचारी मात्र कार्यरत रहेको ।
- राजस्व उपशाखाका लागि बेग्लै कार्यकक्ष तथा भौतिक सुविधा (कम्प्युटर, प्रिन्टर, तथा फर्निचर) र दक्ष कर्मचारी नहुँदा प्रभावकारी रूपमा सेवा उपलब्ध हुन नसकेको ।
- राजस्व उपशाखा तथा उक्त उपशाखाका कर्मचारीले गर्नुपर्ने कामहरूको कार्य विवरण नरहेको ।
- उपशाखामा राजस्व प्रशासनको काम भन्दा पनि राजस्व सङ्कलन इकाइको रुपमा रहेको । आफूले सङ्कलन गरेको तथ्याङ्कहरू बाहेक विगत आ.व.मा सङ्कलन भएका राजस्व सम्बन्धी तथ्याङ्क, विभिन्न आर्थिक वर्षहरूको राजस्व बजेट जस्ता आवश्यक तथ्याङ्क तथा दस्तावेजहरू अभिलेखिकरण नभएको।
- राजस्व शाखामा कार्यरत कर्मचारीले नम्र व्यवहारका साथ सेवाग्राहीलाई सेवा दिने गरेको ।
- वडाहरूमा इन्टरनेटको व्यवस्था भएको भएतापनि नगदी रसिद मार्फत सिफारिश दस्तुरहरू सङ्कलन गर्ने गरेको ।

- सङ्कलित रकम अवस्था हेरी प्रत्येक हप्ता बैंक दाखिला गर्ने गरेको । वडा कार्यालयहरूले पनि सोही अनुसार बैंक दाखिला गरी मासिक रुपमा गाउँपालिकाको राजस्व सङ्कलन केन्द्रमा विवरण सहित भौचर बुझाउने गरेको।
- गत आ.व. बाट मासिक रुपमा वडा कार्यालयहरूबाट प्राप्त विवरणहरू समेत समावेश गरी शीर्षकगत रुपमा सङ्कलित रकमको विवरण सहित बैंक भौचरहरू लेखा शाखामा बुझाइने गरेको ।
- राजस्व सङ्कलनको स्पष्ट ऐन तथा कार्यविधि नभएकाले राजस्व सङ्कलन गर्दा शीर्षकहरू चयनमा अस्पष्टता रहेको । एउटै किसिमको आम्दानी पनि समय अनुसार फरक फरक शीर्षकमा प्रविष्टी हुने गरेको ।
- राजस्व सङ्कलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि पर्याप्त तालिम तथा अभिमुखीकरण नभएको ।
- हालसम्म राजस्व सङ्कलन तथा त्यसको प्रभावकारिताकालागि प्रयाप्त मात्रामा अनुगमन तथा मूल्याङ्कन एवं अन्तरपालिका छलफल तथा अध्ययन भ्रमण नभएको।

# परिच्छेद तीन - राजस्व परिचालनको वर्तमान अवस्था पुनरावलोकन

यस परिच्छेदमा गाउँपालिकाको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था, गाउँपालिकाको परिचय, उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विश्लेषण गरिएको छ । यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ । त्यसैगरी गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ३.१ स्थानीय सरकारको राजस्व अधिकार

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा स्थानीय सरकारको राजस्व अधिकार संम्बन्धी गरिएको प्रावधानहरू यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

### ३.१.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची—८ (स्थानीय तहको अधिकार सूची) को प्रावधान अनुसार स्थानीय सरकारलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- घर जग्गा बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क, दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमिकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

त्यसैगरी नेपालको संविधानमा स्थानीय सरकारको राजस्व अधिकार सम्बन्धी निम्न धारामा थप प्रावधान देहाय अनुसार रहेको छः

**धारा २२८ः कर लगाउन वा ऋण लिन नपाइने**

नेपालको संविधानको भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणालीको ब्याख्या गरेको छ जस अनुसार धारा २२८ ले निम्न अनुसारको व्यवस्था गरेको छ :

(१) कानून बमोजिम बाहेक कुनै कर लगाउन, उठाउन र ऋण लगाउन पाइने छैन ।

(२) आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ ।

त्यसरी नै संविधानको धारा २२९ ले स्थानिय संन्चित कोषको व्यवस्था गरेको छ जस अनुसार स्थानीय तह अन्तर्गत प्रत्येक गाँउपालिका र नगरपालिकमा एक स्थानीय सञ्चित कोष रहनेछ । त्यस्तो कोषमा गाँउपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजश्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाँउपलिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ । साथै स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्वन्धित व्यवस्था स्थानीय कानुन बमोजिम हुनेछ भनेर ब्याख्या गरेको छ ।

### धारा २३६: अन्तर प्रदेश व्यापार

संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महशुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।

### ३.१.२ राजस्व अधिकार सम्बन्धी संघीय ऐनका व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ (केही नेपाल ऐन संसोधन गर्ने ऐन, २०७५ को संसोधन समेत समावेश) अनुसार स्थानीय सरकारलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छः

**(क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकारः**

*अ) कर*

- **सम्पत्ति करः** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने ।
- **भूमि कर (मालपोत)ः** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने, तर सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने ।
- **घर जग्गा बहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- **व्यवसाय करः** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- **सवारी करः** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- **जडिबुटी, कवाडी र जीवजन्तु करः** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यावसायिक उपयोग गरे बापत ।

*आ) शुल्क*

- **बहाल बिटौरी शुल्कः** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।

- **पार्किङ शुल्कः** आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

*इ) सेवा शुल्क*

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

*ई) दस्तुर*

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर
  - एफएम रेडियो संचालन, "घ" वर्गको निर्माण इजाजत पत्र,विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग ।
- नक्सा पास दस्तुर ।
- पञ्जीकरण व्यवस्थापन दस्तुर ।
- वडामार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर ।

*उ) बिक्री गर्न सक्ने*

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

*ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने*

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धीत गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ११ (४ घ))**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।
- खनिज पदार्थको उत्खनन रोयल्टी ।

- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी ।
- पानी घट्ट, कूलो पैनी जस्ता सेवाबाट रोयल्टी ।
- खानेपानी महसुल ।
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क ।
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रसोधन र वजार व्यवस्थापन।
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति ।
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण ।
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण ।
- स्थानीय सरकारका पत्रपत्रिकाको दर्ता ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ (केही नेपाल ऐन संसोधन गर्ने ऐन, २०७५ को संसोधन समेत समावेश) अनुसार स्थानीय सरकारलाई निम्नानुसार राजस्व सम्बन्धी वित्तीय अधिकार प्रदान गरेको छः

**(क) एकल कर प्रशासन सम्वन्धी व्यवस्था (आर्थिक ऐन २०७५ वाट संसोधित व्यवस्था)**

१. सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।
२. घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने
३. मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।
४. विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(२), (३) र (४) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

५. प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ४० प्रतिशत रकम प्रदेश सरकारलाई र ६० प्रतिशत स्थानीय सरकारलाई बाँडफाँड गरिने ।
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय सरकारलाई वाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

**(ख) राजस्व बाँडफाँड**

वित्तीय संघीयताको अर्को महत्वपूर्ण पक्ष भनेको एक तहको सरकारले उठाएको राजस्व अन्य तहहरूमा समेत वाँडफाँड गर्नु हो । माथिल्लो तहका सरकारबाट तल्लो तहमा वाँडफाँड हुने (Vertical Revenue Sharing) प्रणाली हाम्रो देशले अपनाएको छ । अन्तर ( सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले व्यवस्था गरे अनुसार,

१. नेपाल सरकारले सङ्कलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने ।
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने ।

२. प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय सरकारलाई २५ प्रतिशत

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने ।

**(ग) अनुदान (वित्तीय हस्तान्तरण)**

नेपालको संविधानको धारा ६० को उपधारा (३) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने बित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस वमोजिम हुने व्यवस्था गरेको छ । नेपालमा राजस्व वाँडफाँको अतिरिक्त मूलतः चार प्रकारका अनुदान माध्यमबाट अन्तर– सरकारी बित्तीय हस्तान्तरण गरिने व्यवस्था संबिधान र कानूनमा गरिएको छ ।




१. **वित्तीय समानीकरण अनुदानः** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त ।

२. **सशर्त अनुदानः** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने।

३. **समपूरक अनुदानः** पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कूल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।

४. **विशेष अनुदानः** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट ।

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

उपर्युक्त व्यवस्थाहरूले स्थानीय सरकारलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय सरकारले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्।

१. नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।

२. नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने ।

३. नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने ।

४. कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय सरकारलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)

५. **कर नलाग्ने:** कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।

६. सेवा शुल्क असुली कार्य आफैं वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने।

# परिच्छेद चार - आन्तरिक आय सम्भावना विश्लेषण

यस परिच्छेदमा गाउँपालिकाको आन्तरिक आय, राजस्व सङ्कलनका प्रमुख क्षेत्रहरूको आय सङ्कलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरू शीर्षकगत रुपमा विश्लेषण गरिएको छ । त्यसैगरी राजस्व परिचालनमा रहेका सवालहरूको पहिचान, विश्लेषण र समस्या सामाधानका उपायहरूको खोजी गरिएको छ ।

आर्थिक वर्ष २०७९/०८० का लागि कूल आय **रू. ५९ करोड ०२ लाख ९३ हजार** सहित निम्न बमोजिमको आय अनुमान गरिएको थियो:

| शीर्षक | | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को संशोधित अनुमान | आ.व. २०७९/८० को अनुमान |
|---|---|---|---|---|
| | | | | रकम रू. हजारमा |
| | **आय** | **४५४०२५.००** | **६१३९८८.००** | **५९०२९३.००** |
| | **राजस्व** | **१०४१८०.००** | **२६८९२७.००** | **२५१६१८.००** |
| | **आन्तरिक श्रोत** | **१००३७.००** | **१६०५७७.००** | **९१६२२.००** |
| ११३१४ | भुमिकर/मालपोत | ४०६५.०० | ६०००.०० | १५००.०० |
| ११३२१ | घरवहाल कर | १००४ | ५००.०० | २००.०० |
| ११६९१ | अन्य कर | ३८५७.०० | ५००.०० | ०.०० |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त रोयल्टी | ५०.०० | १२५००.०० | ०.०० |
| १४२४२ | नक्सापास दस्तुर | ०.०० | ०.०० | ५००.०० |
| १४२४३ | सिफारिश दस्तुर | ७.९९ | १०००.०० | १०००.०० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २८.०० | ०.०० | १००.०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ०.०० | ०.०० | १०००.०० |
| १४२४९ | अन्य दस्तुर | ०.०० | १०००.०० | ५००.०० |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | ०.०० | ५००.०० |
| १४६११ | व्यवसाय कर | २३१.०० | ५००.०० | ५००.०० |
| ३२१२२ | बैंक मौज्दात | ०.०० | १३८५७७.०० | ५६२२२.०० |
| | **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | **९ ४१ ४३** | **१०८३४९.००** | **१५९९९६.००** |
| ११३१५ | घरजग्गा रजिष्टेशन दस्तुर | ०.०० | ०.०० | २५००.०० |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८६४७४.०० | ४८०८७.०० | ११६५०३.०० |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ०.०० | ४८०८७.०० | ०.०० |
| ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ७६.६९ | १२१३५.०० | १२८९३.०० |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ०.०० | ३९.०० | ०.०० |
| १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको | ०.०० | ०.०० | २८१००.०० |

| शीर्षक | | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को संशोधित अनुमान | आ.व. २०७९/८० को अनुमान |
|---|---|---|---|---|
| | विक्रिबाट प्राप्त हुने आय | | | |
| | **अन्य आय** | ०.०० | ०.०० | ३०५००.०० |
| १४४२१ | पूँजीगत हस्तान्तरण | ०.०० | ०.०० | ०.०० |
| १४५२९ | अन्य राजस्व | ०.०० | ०.०० | ३००००.०० |
| १५१११ | बेरुजू | ०.०० | ०.०० | ५००.०० |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | ३४६४२८.०० | ३४ ५० ६१ | ३३८६७५.०० |
| | संघीय सरकार | ३०१८९९.०० | ३०६५१९.०० | ३०१८००.०० |
| १३३११ | समानिकरण अनुदान | ९८२००.०० | १०२३००.०० | १०७८००.०० |
| १३३१२ | शसर्त अनुदान चालु | १९२६९९.०० | १६२६६९.०० | १५१४.०० |
| १३३१३ | शसर्त अनुदान पुँजीगत | ०.०० | ४१५५०.०० | ४२६००.०० |
| १३३१४ | विषेश अनुदान चालु | ११०००.०० | | |
| | **प्रदेश सरकार** | ४४५.२९ | ३८५४२.०० | ३६८७५.०० |
| १३३११ | समानिकरण अनुदान | ५२.९१ | ४७९८.०० | ५८७५.०० |
| १३३१२ | शसर्त अनुदान चालु | १४८५०.०० | ८५.४४ | ०.०० |
| १३३१३ | शसर्त अनुदान पुँजीगत | ०.०० | ०.०० | ८००० |
| १३३१४ | विषेश अनुदान चालु | १०५०० | १०२०० | ६००० |
| १३३१५ | विषेश अनुदान पुँजीगत | ०.०० | ०.०० | २००० |
| १३३१६ | समपुरक अनुदान चालु | १३८८८ | १५००० | ० |
| १३३१७ | समपुरक अनुदान पुँजीगत | ०.०० | ०.०० | १५००० |
| | **बैदेशिक** | ०.०० | ०.०० | ०.०० |
| | **जनसहभागिता** | ०.०० | ०.०० | ०.०० |

स्रोतः राजपुर गाउँपालिकाको सुत्रको अनुसूची २ (२०८०/०१/०५)

संघीयताको मर्म बमोजिम स्थानीय सरकारले आफैं आम्दानी गर्ने, आफैं बजेट निर्माण गर्ने, आफैं खर्च गर्ने, आफैं लेखांकन गर्ने, प्रतिवेदन तयार गर्ने र लेखापरीक्षण गर्ने नीति अनुरुप गाउँपालिकाको विगत ३ (तीन) वर्षको आन्तरिक स्रोतको अवस्था विश्लेषण गर्दा आन्तरिक आम्दानी न्यून भएको देखिएकोले आगामी दिनहरूमा गाउँपालिकाले करका दायराहरू, आम्दानीका स्रोतहरू र उत्पादनमूलक क्षेत्रहरू बढाउनुको विकल्प नभएको अवस्थामा आ.व. २०८०/८१ देखि लागू हुने गरी करका दायराहरू बढाउने र अन्य उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने सम्बन्धी नीतिहरू आ.व.२०८०/८१ देखि अवलम्बन गर्नुपर्ने देखिन्छ ।

## ४.१ आन्तरिक आय स्रोतका प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### ४.१.१ सम्पत्ति कर

<u>**हालको अवस्था:**</u>

गाउँपालिकामा हाल सम्म सम्पत्ति कर सङ्कलन गरिएको छैन र सो सम्बन्धि आर्थिक ऐनमा करको दर लगायत कुनै कुरा उल्लेख गरिएको छैन । आर्थिक ऐनमा सम्पत्ति कर सम्बन्धि स्पस्ट व्यवस्था नभए सम्म कर सङ्कलन गर्न नहुने भएकाले आगामी आ.व. मा सम्पत्ति कर सङ्कलनका लागि आर्थिक ऐनमा करको दर सहित व्यवस्था गर्नु पर्ने देखिन्छ । सम्पत्ति कर कार्यान्वयनका लागि गाउँपालिकाले कर तथा शुल्क सङ्कलन सम्बन्धि कार्यविधि समेत निर्माण गर्नु पर्ने देखिन्छ ।

**<u>सम्पत्ति कर</u>**

यस गाउँपालिकामा राष्ट्रिय जन गणना २०७८ को प्रारम्भिक नतीजा अनुसार जम्मा ५८२९ घरपरिवार रहेको देखिन्छ । विद्यमान कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा उल्लेखित घरपरिवार संख्या ५८२९ मा १५ प्रतिशत थप गरी ६७०३ घरपरिवारलाई यस अध्ययनको प्रयोजनका लागि कूल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । यसरी विगतका आ.व.हरूमा सम्पती कर बापतको कुनै पनि रकम संकलन नभएकोमा आगामी आ.व. देखि आर्थिक ऐनमा नै सम्पती करको न्यूनतम करका दर रेट र मुल्यांकनका आधारहरू समावेश गरी सम्पती कर असुल गर्न उपयुक्त हुने देखिन्छ ।

**<u>संभाव्यताः</u>**

विद्यमान कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा उल्लिखित घरधूरी संख्यालाई नै यस अध्ययनको प्रयोजनका लागि कूल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । आर्थिक ऐनमा निम्नानुसारका करका दररेट प्रस्ताव गरी सम्पती कर असुल गर्न सकिने सम्भावना देखिन्छः

**तालिका ३ : सम्पत्ति करका करदाता सम्बन्धी विवरण**

| कर योग्य सम्पतिको मूल्य | यथार्थ करको दर (प्रति लाख रू.) | करदाता संख्या (अनुमानित) | प्रति करदाता औसत कर रू. | सम्भाव्य सङ्कलन |
|---|---|---|---|---|
| पाँच लाख रुपैयाँ सम्म | १० | १२५० | ३० | ३७५०० |
| पाँच लाख एक रुपैयाँ देखि दश लाख रुपैयाँ सम्म | १५ | १८०० | १२० | २१६००० |
| दश लाख एक रुपैयाँ देखि बीस लाख रुपैयाँ सम्म | २० | ११०० | ३१० | ३४१००० |
| वीस लाख एक रुपैयाँ देखि तीस लाख रुपैया सम्म | ३० | १२०० | ७६५ | ९१८००० |
| तीस लाख एक रुपैयाँ देखि पचास लाख रुपैयाँ सम्म | ४० | ८७० | १२१५ | १०५७०५० |
| पचास लाख एक रुपैयाँ देखि एक करोड रुपैयाँ सम्म | ५० | ४५० | ३७७५ | १६९८७५० |
| एक करोड एक रुपैयाँ देखि माथि | ७० | ३३ | ६००० | १९८००० |
| **जम्मा** | | ६७०३ | | ४४६६३०० |

**<u>सुधारका पक्षहरूः</u>**

सम्पत्ति कर कार्यान्वयनमा नआइसकेकाले सम्भावित सबै करदातालाई करको दायरामा ल्याउनु पर्ने देखिन्छ । सम्पत्ति करका सम्बन्धमा गाउँपालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छः

- आर्थिक ऐनमा सम्पत्ति कर सम्बन्धी प्रावधानलाई समावेश गर्ने ।
- गाउँपालिकाका सबै सम्भावित करदाताको लगत संकलन गरी घर दर्ता सम्पन्न गर्ने ।
- सम्पत्ति मूल्यांकन दर रेट यथार्थपरक बनाउने (स्थानीयसँग परामर्श गरेर मूल्याङ्कनको दर रेट कायम गर्ने)।
- करदाताहरूलाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरु मार्फत करको दायरामा ल्याउने।
- सम्बन्धित करदाताको सम्पति मूल्यांकन यथार्थपरक बनाउन घर र बाटोको डिजिटल नक्सांकन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व संकलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने।
- सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने ।
- सम्पत्ति करको विजकलाई सूचना प्रविधिको माध्यमद्वारा करदातालाई अग्रिम रुपमा जानकारी गराउने पद्धति सुरु गर्ने
- आधुनिक एवम् बैज्ञानिक सम्पती कर लागु गर्ने ।
- सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूमा तालिम संचालन गर्ने ।
- सम्पत्ति कर कार्यान्वयनका लागि बेग्लै सम्पत्ति कर व्यवस्थापन कार्यविधि तयार गर्ने ।

### ४.१.२ मालपोत वा भूमि कर

**हालको अवस्थाः**

२०७३ साल फागुनमा गाउँपालिका गठन भएदेखि नै कानून अनुसार मालपोत सङ्कलन गर्दै आएको छ । आर्थिक बर्ष २०७९/८० को आर्थिक ऐनमा मालपोतको दर निर्धारण गरिएको छ । कर सङ्कलनको लागि आर्थिक ऐनमा अनिवार्य रुपमा करको दर निर्धारण गर्नु पर्ने भएकाले सोहि अनुसार आ.व २०७६/७७ मा दर निर्धारण भएता पनि कति कर संलकन भएको भन्ने यकिन नभएकोमा आ.व. २०७७/७८ मा रू. ४० लाख ६५ हजार सङ्कलन भएको छ । गत आ.व २०७८/७९ मा रू. ६० लाख सङ्कलन गर्ने लक्ष्य रहेकोमा के कति सङ्कला भएको हो सो को विवरण प्राप्त नभएको र चालू आ.व.को ६ महिना अवधिमा रू. १५ लाख सङ्कलन भएको देखिन्छ । सो प्रयोजनका लागि आर्थिक ऐनमा यस गाउँपालिकाले निर्धारण गरेको मालपोत वा भूमि कर तपशिल बमोजिम रहेको छः

**तालिका ४ः भूमि करको दर**

| प्रकरण नम्वर | विवरण | स्वीकृत दर रू. |
|---|---|---|
| क | १ कट्ठादेखि ३ कट्ठासम्म एकमुष्ठ | १०।०० |
| ख | ३ कट्ठादेखि २० कट्ठासम्म एकमुष्ठ | ६०।०० |
| ग | १ बिगाहादेखि २ बिगाहासम्म प्रति बिगाहासम्म | ७०।०० |
| घ | २ बिगाहादेखि ३ बिगाहासम्म प्रति बिगाहासम्म | १००।०० |
| ङ | ३ बिगाहादेखि ५ बिगाहासम्म प्रति बिगाहासम्म | २००।०० |
| च | ५ बिगाहादेखि १० बिगाहासम्म प्रति बिगाहासम्म | ४००।०० |
| छ | १० बिगाहादेखि माथि प्रति बिगाहासम्म | १०००।०० |

**संभाव्यताः**

गाउँपालिकामा भूमिकर लगाउन योग्य जग्गा र सोको करदाता सम्बन्धी एकीन तथ्याङ्क उपलब्ध नभएको हुँदा गाउँपालिकाको आर्थिक ऐनमा भएको जग्गाको वर्गीकरण अनुसार जग्गाको अनुमानित परिमाण लाई

आधार मानी यो करको सम्भाव्यता एकिन नगरिएको अवस्थामा आगामी आ.व. का लागि व्यवहारिक भूमि कर/मालपोत सङ्कलन गर्न देहाय अनुसारको करको दर निर्धारण गरी सो को आधारमा विश्लेषण गर्दा मालपोत सङ्कलनको सम्भावना देहाय अनुसार रहेको छः

**तालिका ५: मालपोत वा भूमि कर करदाता सम्बन्धी विवरण**

| करदाता सम्बन्धी विवरण | प्रस्तावित करको दर | कर योग्य जमीनको परिमाण (अनुमानित) | सम्भाव्य सङ्कलन |
|---|---|---|---|
| मुख्य सडक क्षेत्रमा पर्ने घडेरी | प्रति कठ्ठा रू. १०० | ५००० | ५००००० |
| मुख्य सडकले छोएको जग्गा | प्रति विघा रू. ३०० | ३००० | १०५०००० |
| सहायक बाटोले छोएको जग्गा | प्रति विघा रू. २०० | ५००० | २४००००० |
| सडक संजालले नछोएको जग्गा | प्रति विघा रू. १०० | ७००० | ७००००० |
| **जम्मा** | | | **४६५००००** |

**सुधारका पक्षहरू:**

गाउँपालिकामा भूमि तथा करदाता सम्बन्धी विस्तृत र एकीन तथ्याङ्क उपलब्ध छैन । यसकारण भूमि र करदाता सम्बन्धी विस्तृत र एकिन तथ्याङ्क सङ्कलन र नियमित अद्यावधिकरणको व्यवस्था गर्नु मालपोत सम्बन्धमा प्रमुख आवश्यकताको रुपमा रहेको देखिन्छ । थप सुधारका पक्षहरू देहायअनुसार छन् :

- गाउँपालिकाको भूउपयोग योजना तर्जुमा गरी सोही आधारमा जग्गा वर्गिकरण तथा मूल्याङ्कन मापदण्ड लागू गर्ने ।
- भूउपयोग नीति बनाई भूउपयोग योजनाका आधारमा भएको जग्गा वर्गिकरण तथा मूल्याङ्कन मापदण्डका आधारमा बैज्ञानिक करका दर निर्धारण गर्ने ।
- गाउँपालिकामा भूमि तथा करदाता सम्बन्धी विस्तृत र यकीन तथ्याङ्क सङ्कलन गर्ने ।
- आगामी दिनमा जग्गाको मूल्यको आधारमा भूमिकर सङ्कलन गर्ने गरी व्यवस्था गर्दै जाने ।

### ४.१.३ घरजग्गा वहाल कर

**हालको अवस्था:**

गाउँपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै गाउँपालिका क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, काराखाला, जग्गा पूरै वा आशिंक रुपमा बहाल लगाएमा घरधनी वार्षिक रुपमा बहाल रकमको १० प्रतिशत असुल गर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले प्रभावकारी रुपमा यो कर सङ्कलन गर्न सकेको छैन । हालसम्म संस्थागत रुपमा बहालमा बस्ने संस्थाहरूले अन्य निकायको कानुनी प्रावधानका कारण नबुझाई नहुने भएको खण्डमा मात्र बुझाउने गरेको देखिन्छ । आ.व. २०७७/७८ मा यस शीर्षकवाट रू. १० लाख ४ हजार कर सङ्कलन भयो भने आ.व. २०७८/७९ को संशोधित अनुमान रू. ५ लाख रहेकोमा चालु आ.व.को ६ महिनामा रू २ लाख सङ्कलन भएको देखिन्छ ।

**संभाव्यता:**

सङ्कलित तथ्याङ्क अनुसार गाउँपालिका क्षेत्रमा करिव १५०० जनाले विभिन्न प्रयोजनका लागि घरजग्गा वहालमा लिएको अनुमान छ । गाउँपालिकाले घरजग्गा वहाल करलाई प्रगतिशिल बनाई बहाल कर बहाल रकमको १० प्रतिशतका दरले निर्धारण गर्दा देहाय बमोजिम सङ्कलन सम्भावना देखिन्छः

**तालिका ६: प्रयोजनका आधारमा बहाल लिने करदाता सम्बन्धी विवरण**

| प्रयोजनका आधारमा बहाल लिने करदाता | बहालमा भएको संख्या (क) | औसत मासिक भाडा रकम जम्मा (ख) | वार्षिक भाडा असुली (ग) | प्रस्तावित करको दर (%) (घ) | सम्भावित घर बहाल कर |
|---|---|---|---|---|---|
| अडिट गर्ने तथा संस्थागत व्यावसायिक फर्म, वित्तिय संस्था तथा सार्वजनिक संस्थाहरू (औसत मासिक रू. ५००० भाडा आर्जन गर्ने) | १५० | ५००० | ९०००००० | १० | ९००००० |
| उल्लेखित बाहेक व्यावसायिक तथा घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रू. १५०० भाडा आर्जन गर्ने) | ७५० | १५०० | १३५००००० | ५ | ६७५००० |
| **जम्मा** | **९००** | **०** | **२२५०००००** | **०** | **१५७५०००** |

<u>**सुधारका पक्षहरूः**</u>

- वहालमा भएका घरजग्गाको लगत सङ्कलन गरी अद्यावधिक गर्ने र सम्पत्ति करसँग आवद्ध गर्ने।
- वहाल करको दर पुनरावलोकन गरी प्रगतिशिल दर निर्धारण गर्ने ।
- घरजग्गा वहाल कर सङ्कलन कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐन वा कार्यविधिमा बहाल कर नतिरेमा हुन सक्ने दण्ड सजाय सम्बन्धी स्पष्ट प्रावधान राख्ने ।
- घरवहाल कर तिर्ने करदाताहरूसँग विभिन्न माध्यमबाट सम्पर्कमा रहने तथा कर शिक्षाको जानकारी समय समयमा दिने ।

### ४.१.४ व्यवसाय कर

<u>**हालको अवस्थाः**</u>

गाउँपालिकाले आर्थिक ऐनमा व्यवसायहरूलाई व्यवसायको किसिमको आधारमा विभाजन गरी वार्षिक करको दर निर्धारण गरेको छ । यस गाउँपालिकाको स्थानीय तहको आर्थक ऐन २०७९ अनुसार निर्धारण गरिएका व्यवसाय करका वार्षिक दररेटहरू निर्धारण गरेकोछ । व्यवसाय नविकरणका हकमा आश्विन मसान्त सम्ममा नवीकरण गरेमा कुनै शुल्क नलाग्ने तर सो भन्दा पछी नविकरण गर्न परेमा पौष मसान्त सम्मका लागि वार्षिक करको २५ प्रतिशत, चैत्र मसान्त सम्मका लागि वार्षिक करको ५० प्रतिशत र सो भन्दा पछी नविकरण गरेमा वार्षिक करको शत प्रतिशत शुल्क तिर्नु पर्ने प्रावधान रहेको छ । त्यसै गरी पटके करका लागि फेन्सी, कस्मेटिक, खाद्यान्न जस्ता खुद्र सामानको प्रति पटक रू. ५० र फलफुल, तरकारीको प्रति पटक रू. ३० निर्धारण गरिएको छ । आ.व. २०७६/७७ मा यस

शीर्षकवाट केकति कर सङ्कलन भयो वास्तविक आँकडा उपलब्ध हुन सकेन भने चालु आ.व. मा के कति सङ्कलन गर्ने कुनै अनुमान गरिएको छैन । आर्थिक ऐनले व्यवसाय वार्षिक कर स्वरूप रू. ५०० देखि रू. २०००० सम्मको व्यवसाय दर्ता कर र दर्ता करको ५० प्रतिशत नविकरण शुल्क निर्धारण गरेको देखिन्छ । आ.व. २०७७/७८ मा रू. २३१०० व्यवसाय कर सङ्कलन भएकोमा आ.व. २०७८/७९ मा रू. ५०००० सङ्कलन भएको र चालू आ.व. को ६ महिना अवधिमा रू. ५० हजार सङ्कलन भएको देखिन्छ ।

**संभाव्यताः**

यस गाउँपालिकामा दर्ता भएका करिव **२०० वटा व्यवसायहरू** रहेका छन् भने दर्ता हुन बाँकी करिव ३५० व्यवसाय रहेका छन् । यसरी राजपुर गाउँपालिकामा करिव ५५० करका लागि योग्य व्यवसाय रहको अनुमान छ । राजस्व शाखासँगको छलफलका दौरान प्राप्त नतिजाका आधारमा हेर्दा जम्मा व्यवसायीलाई ठूला, मध्यम, साना र उत्पादनमूलक व्यवसाय करदाता गरी चार तहमा वर्गीकरण गरी देहायअनुसार सम्भाव्यता एकिन गरिएको छः

**तालिका ७ः व्यवसाय करको सम्भाव्यता विवरण**

| करदाता (व्यापार व्यवसायको स्तर अनुसार) | दर्ता हुन बाँकी संख्या | दर्ता भएका संख्या | दर्ता वापत सङ्कलन हुने औषत संभावित करको दर | नविकरण वापत सङ्कलन हुने औषत संभावित करको दर | कूल संभावित आय |
|---|---|---|---|---|---|
| ठूला व्यवसायीहरू (१०००० कर तिर्ने करदाता) | १० | ५ | १२००० | ६००० | १५०००० |
| मध्यम व्यवसायीहरू (२,००० भन्दा अधिक ५,००० सम्म कर तिर्ने करदाता) | ४५ | ३० | ५००० | २५०० | ३००००० |
| साना व्यवसायीहरू (२,००० र सो भन्दा कम कर तिर्ने करदाता) | १७० | १४० | ८०० | ४०० | १९२००० |
| उत्पादनमूलक व्यवसाय/उद्योग कर | २५ | १० | ५०० | २५० | १५००० |
| पटके कर | १०० | १५ | ५०० | २५० | ५३७५० |
| **जम्मा** | **३५०** | **२००** | **१८८००** | **९४००** | **७१०७५०** |

**सुधारका पक्षहरूः**

गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छः

- गाउँपालिकामा सञ्चालित सबै किसिमको व्यवसायको विवरण लगत तयार गर्ने (कर कार्यालयसंग समन्वय गरी व्यवसाय गर्ने करदाता संख्या यकीन गर्ने) ।
- घुम्ती टोलीहरू खटाई स्थलगत रुपमै व्यवसाय दर्ता गरी प्रमाणपत्र दिने र कर संकलन गर्ने व्यवस्था गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोबारको आधारमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसाय दर्ता, नवीकरण र खारेजीसम्बन्धी स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने ।

- व्यवसाय करलाई दर्ता र नवीकरणमा लिने गरी कानूनी व्यवस्था परिमार्जन गर्ने ।
- बजार अनुगमन गर्ने, यसका लागि राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने ।
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यस सम्बन्धमा नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने ।
- कर प्रशासनमा दण्ड र पुरस्कारलाई नियमित प्रक्रियाका रुपमा स्थापित गर्ने । जस्तै– नियमित र अधिकतम कर तिर्ने करदातालाई सम्मान एवं पुरस्कृत गर्ने । करको दायरामा नआउनेलाई उच्च दरमा जरिवानाको व्यवस्था गर्ने ।
- कृषि क्षेत्रको व्यवसाय करलाई केहि न्यूनीकरण गर्ने र अन्य क्षेत्रहरुमा आम्दानीको आधारमा व्यवसाय कर लगाउने र छुटेका क्षेत्रहरुलाई करको दायरामा ल्याउने ।

### ४.१.५ जडिवुटी, कवाडी, जीवजन्तु कर

**हालको अवस्थाः**

गाउँपालिकाका बजार क्षेत्रबाट कवाडी सङ्कलन गरी बेचविखन गर्ने व्यवसायहरू रहेका छैनन् साथै अन्य जीवजन्तु तथा जडिवुटी सङ्कलन तथा बिक्रीका सन्दर्भमा भने तथ्याङ्क तथा सूचनाको अभाव देखिन्छ । गाउँपालिकाले आर्थिक ऐनमा यो कर सङ्कलनको प्रावधान र दरहरू उल्लेख गरेको छ । अघिल्लो आ.व.मा कति सङ्कलन भएको भन्ने तथ्याङ्क छैन साथै चालु आ.व.का लागि कुनै रकम अनुमान गरेको छैन । गाउँपालिकाले यस्ता व्यवसाय संचालन गर्नेलाई इजाजत प्रदान गरी प्रति क्विन्टलका दरले यस्ता कारोवार गर्नेसँग कर सङ्कलन गर्न उपयुक्त देखिन्छ ।

यस गाउँपालिकाका केही क्षेत्रमा जडिबुटी रहेको भए तापनि न्यून रुपमा सङ्कलन हुने साथै नियमन कमजोर भएका कारण राजस्व सङ्कलन अपेक्षित हुन सकेको छैन तर यस गाउँपालिकाले जडिबुटी कर सङ्कलनको व्यवस्था र दर निर्धारण गरेको भए पनि रकम सङ्कलन गरेको छैन । आ.व. २०७९/८० मा यस शीर्षकवाट केकति कर सङ्कलन भयो वास्तविक आँकडा उपलब्ध हुन सकेन भने चालु आ.व.को लागि कति सङ्कलन गर्ने भन्ने कुनै अनुमान रहेको छैन । गाउँपालिकाको आर्थिक ऐन २०७९मा उल्लेख भए अनुसार देहाय बमोजिमको जडिवुटी, कवाडी, जीवजन्तु कर उठाउने प्रावधान रहेको देखिन्छ ।

| सि.नं. | प्रकरण नम्वर | विवरण | व्यवसाय दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|---|
| १ | | वनकस (खर) बाँबियो, मलहन पत्ता, छुवाली, पराल, बगास, बेत आदी | ट्रकः १००।००<br>ट्याक्टरः ५०।०० | |
| २ | | बाँस | गोटाः ५।०० | |
| ३ | | सालको बियाँ | के.जिः ५।०० | |
| ४ | | सुकेको बेसार/सुकेको खुर्सानी | प्रति के.जिः १।०० | |
| ५ | | काँचो बेसार/काँचो खुर्सानी | प्रति के.जिः ०।५० | |
| ६ | | कत्था | प्रति के.जिः ५।०० | |
| **प्रचलित कानूनले निषेधित गरेका बाहेक मृत पशुका हाड, सिङ र खुरः** | | | | |
| ७ | | हाड | प्रति के.जिः ५।०० | |
| ८ | | सिङ | प्रति के.जिः ५।०० | |
| ९ | | खुर | प्रति के.जिः ५।०० | |

| | | | | |
|---|---|---|---|---|
| १० | | छाला ठूलो | प्रति गोटाः १००।०० | |
| ११ | | छाला सानो | प्रति गोटाः ५०।०० | |
| १२ | | पन्छीका प्वाँखहरु तथा सुँगुरको जगर | प्रति के.जिः १०।०० | |

**संभाव्यताः (कवाडी तथा जडिबुटी कर):**

जडिबुटी र कवाडी सम्बन्धमा कुनै तथ्याङ्क नभएकाले आगामी आ.व.मा जम्मा **रू. १ लाख २५ हजार** सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- जडिबुटीको चोरी निकाशीलाई करको दायरमा ल्याउन छिमेकी पालिकाहरुसँग सहकार्य गर्नुपर्ने ।
- जडिबुटी, कवाडी तथा जीवजन्तु कारोवारको अनुगमन गरी सबैलाई करको दायरामा समावेश गर्नुपर्ने ।
- कवाडी वस्तुहरूको व्यावसायिक रुपमा सङ्कलन तथा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर सङ्कलन गर्ने ।

### ४.१.६ विज्ञापन कर

**हालको अवस्थाः**

गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार-प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानून अनुसार यो प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा सङ्कलन गाउँपालिकाले गरी सङ्कलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।

विज्ञापन करका सन्दर्भमा गाउँपालिकाले विभिन्न विज्ञापनका सामग्री अनुसार करको दरहरू निर्धारण गरेको छ। गाउँपालिकाले स्थानीय तहको आर्थिक ऐन २०७९ मा विज्ञापन करका दररेट निर्धारण भए बमोजिम वार्षिक न्यूनतम रू. १ लाख ५० हजार सम्ममा ठेक्का प्रकृयाबाट विज्ञापन कर असुल गर्न सकिने व्यवस्था भएता पनि हाल सम्म यस किसिमको कर वापत कुनै रकम प्राप्त भएको देखिदैन ।

आ.व. २०७८/७९ मा यस शीर्षकवाट के कति कर सङ्कलन भयो वास्तविक आँकडा उपलब्ध हुन सकेन भने चालु आ.व.को लागि पनि कुनै अनुमान गरिएको छैन ।

| सि.नं. | प्रकरण नम्वर | विवरण | व्यवसाय दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|---|
| क | | होर्डिङबोर्ड १० स्क्वायर फिटसम्मका लागि प्रति स्क्वायर फिट | ४०।०० | |
| ख | | भित्तेलेखन प्रति स्क्वायर फिट | २०।०० | |
| ग | | बिद्धुतिय वा टेलिफोनका पोलमा राखेका प्रति बोर्ड | ३००।०० | |
| घ | | फल्याक्स प्रिन्ट ब्यानरमा १० स्क्वायर फिटसम्म | ५००।०० | |
| ङ | | फल्याक्स प्रिन्ट ब्यानरमा १० स्क्वायर फिट भन्दा माथि | ८००।०० | |
| च | | अस्थायी रुपमा पोलमा लगाइएका ब्यानर प्रति दिन | ४०।०० | |
| छ | | अस्थायी रुपमा सडक वारपार गरी लगाइएका ब्यानर प्रति दिन (यस्तो ब्यानर बढिमा १५ दिनका लागि मात्र लगाउन पाइनेछ । त्यसपछि सम्वन्धित ब्यक्ती वा संस्थाले उठाइ लैजानु पर्नेछ | ५०।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | । | | |

**संभाव्यता:**

गाउँपालिका क्षेत्रमा हुने विज्ञापन सामग्री सम्बन्धी आवश्यक तथ्याङ्क नभएको भएतापनि आगामी बर्ष लागि जम्मा **रू. २५ हजार** सङ्कलन हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू:**

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्याङ्क सङ्कलन गर्ने ।
- सङ्कलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

### ४.१.७ बिक्रीबाट प्राप्त रकम (ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)

**हालको अवस्था:**

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको यस संशोधनसँगै संघीय कानूनमा स्रोत बाँडफाँडको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परिक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्याङ्कनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय सरकारले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ । संघीय कानूनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने र त्यसरी विक्री गरिएको रकम गाउँपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ । वन ऐन, २०७६ ले वन पैदावारको परिभाषा गर्दै वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार वा चट्टान, माटो, नदिजन्य र खनिज पदार्थलाई सम्झनु पर्छ भनी व्यवस्था गरेकोले र नेपाल सरकारले गत श्रावणमा जारी गरेको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, व्यवस्थापन तथा विक्री सम्बन्धी मापदण्ड, २०७७ ले सार्वजनिक खोला, नालाको आफ्नै निर्णयले, खानी क्षेत्रको सम्वन्धित निकायबाट अनुमति प्राप्त गरेपछि आफ्नै निर्णयले र वन तथा चुरे क्षेत्रको ढुंगा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन र विक्री गर्दा सम्वन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि अनुसार गर्नु पर्ने उल्लेख गरिएको छ । यसरी उत्खनन र विक्री वितरणबाट प्राप्त आयको ४० प्रतिशत सम्वन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने प्रावधान रहेको छ ।

यसैगरी, २०७७ असार १ नेपाल र प्रकाशित वातावरण संरक्षण नियमावली, २०७७ अनुसार खानीको हकमा दैनिक ५०० घन मीटरसम्म र खोलाको हकमा जतिसुकै भए पनि ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन गर्न प्रारम्भिक वातावरणीय परीक्षण मात्र गर्नु पर्ने र यस सम्वन्धी अध्ययन तथा स्वीकृति कार्यको टुंगो स्थानीय तहले नै लगाउन सक्ने गरी व्यवस्था गरिएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृति गर्दा केके बिषयलाई प्राथमिकता दिइ विश्लेषण गर्ने भनी अभिमुखीकरण पनि गरेको छ ।

**संभाव्यताः**

उल्लिखित हालको अवस्थाका आधारमा विश्लेषण गर्दा यस गाउँपालिकामा राप्ती नदी लगायत गंगदी, माररी, मदिनी, खयरमट्टी, मुंग्रे, करन्ग आदि खोलाको किनारा क्षेत्रमा ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य वस्तुको उत्खनन परिमाण प्रसस्त रहेको र सबै स्थानको प्रारम्भिक वातावरणीय परीक्षण नभइसकेको र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भएकका आधारमा वार्षिक ५० लाख भन्दा माथिको रकममा ठेक्का लगाउने सम्भावना रहेता पनि हालसम्म कुनै ठेक्का प्रकृयामा नगएको देखिन्छ । यसैगरी आगामी आ.व.मा नदी जन्य पदार्थको संकलनबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनका आधारमा रू. ३० लाख ठेक्का सम्झौता हुन सक्ने देखिन्छ । उल्लिखित हालको अवस्थाका आधारमा विश्लेषण गर्दा आगामी आ.व.का लागि **रू. ३० लाख** आय सङ्कलन हुने देखिन्छ ।

**सुधारका पक्षहरूः**

- ढुङ्गा, गिट्टी तथा बालुवा ठेक्का प्रक्रिया अगाडि बढाउनु पूर्व गाउँसभाबाट बिक्रीको दर निर्धारण गरी आर्थिक ऐनमा व्यवस्था गर्नुपर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन गर्ने कार्य गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने ।
- सङ्कलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन हुने कार्य सुनिश्चित गर्ने ।
- ठेक्का नलागेको अवस्था गाउँपालिका स्वयंले अमानतबाट सङ्कलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- गाउँपालिकाले आर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

## ४.१.८ बहाल बिटौरी शुल्क

**हालको अवस्थाः**

गाउँपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत वहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । गाउँपालिकाले हाटबजार विटौरी शुल्क आर्थिक ऐनमा उल्लेख गरेको छैन र हाटबजारको राम्रो प्रबन्ध पनि रहेको छैन । गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका ऐलानी तथा पर्ति जग्गाहरूमा केही घर तथा पसलहरू रहेका हुनाले तिनलाई पनि शुल्कको दायरामा ल्याउन पहल गर्नुपर्ने देखिन्छ । आ.व. २०७८/७९ मा यस

शीर्षकवाट केकति कर सङ्कलन भयो वास्तविक आँकडा उपलब्ध हुन सकेन भने चालु आ.व.को लागि कति सङ्कलन गर्ने भन्ने कुनै अनुमान रहेको छैन ।

**संभाव्यताः**

बहाल विटौरी शुल्क सङ्कलन सम्बन्धी हालको अवस्था र शुल्क सङ्कलनमा गाउँपालिकाको प्रयास हेर्दा आगामी दिनमा यो शीर्षक बापत आय सङ्कलन हुने सम्भावना देखिन्छ । हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गरी विटौरी शुल्क निर्धारण गर्नु पर्ने देखिन्छ । आगामी आ.व.मा जम्मा **रू. ३० हजार** सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

गाउँपालिकाको वहाल बिटौरी शुल्कमा सुधार ल्याउनको लागि निम्न कार्यहरू गर्नुपर्ने देखिन्छः

- वहाल विटौरी शुल्कको दायराभित्र हाटवजार, सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापतलाग्ने शुल्कलाई समावेश गर्ने ।
- ऐलानी वा पर्ति जग्गामा वनेका संरचनाहरूको अभिलेख राखी वहाल बिटौरी शुल्कको अभिलेख राख्ने ।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्याङ्क तथा विवरण सङ्कलन गर्ने ।
- सङ्कलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।

### ४.१.९ नक्सा पास दस्तुर

**हालको अवस्था**

गाउँपालिकाले नक्सा पास र अभिलेखीकरण दस्तुरको दर आर्थिक ऐनमा उल्लेख गरेको भएता पनि अनुसूची स्पष्ट उल्लेख गरेको छैन । गाउँपालिकाको आर्थिक ऐन २०७८/७९ मा कुल दस्तुरको अनुमान गरिएको छैन साथै हालसम्म न्यून मात्रामा हुँदै आएकोमा सडकको बिस्तार तथा पहुँचसँगै बजारीकरण बढ्ने अपेक्षा गर्न सकिन्छ र भविष्यमा आन्तरिक आय सङ्कलनको प्रमुख शीर्षकको रुपमा रहन सक्ने देखिन्छ । चालू आ.व. मा नक्सा पास दस्तुर मार्फत रू. ५ लाख सङ्कलन हुने अनुमान गरिएको छ ।

| **नक्सा पास विवरण** | **दस्तुरः** | |
|---|---|---|
| नक्सा पास किताव | ७००।०० | |
| घर नक्सा नामसारी | ७००।०० | |
| आरसीसी बाहेकको पक्की घरको एकमुष्ट | ३०००।०० | |
| आरसीसी को लागि हुलाकी राजमार्ग क्षेत्रमा प्रति स्क्वायर फिट प्रति तला निर्माण अघि | ५।०० | |
| आरसीसी को लागि प्रति स्क्वायर फिट प्रति तला निर्माण भइसकेका घरको सिफारिस | १२।०० | |
| घर नक्सा पासको लागि प्रमाणित सिफारिस | २०००।०० | |
| **अभिलेखिकरण प्रति बर्ग फिट** | | |
| नयाँ निर्माण हुने आवासीय घर | ४।०० | |
| नयाँ निर्माण हुने ब्यापारिक घर | ५।०० | |

| | | |
|---|---|---|
| नयाँ निर्माण हुने पक्की ईँटाको गारो र टिनको छानो | ३।०० | |
| नयाँ निर्माण हुने टिन तथा टायलको छानो कच्चि गारो | २।०० | |
| नयाँ निर्माण हुने ब्यावसायिक ट्रष्ट र टिनको छानो | ३।०० | |
| निर्माण भैसकेका घरको आवासीय | ४।०० | |
| निर्माण भैसकेका घरको ब्यापारिक | ५।०० | |
| पर्खाल निर्माण गर्दा प्रति रनिङ फुट | २।०० | |

**संभाव्यता**

यस गाउँपालिका क्षेत्रमा आगामी दिनमा भवन निर्माणमा थप तीव्रता हुने अनुमान छ । हाल यस क्षेत्रमा नयाँ घरहरू निर्माण भइरहेका छन् । आगामी आ.व.मा यस गाउँपालिकामा निम्न वमोजिमको शुल्कको दर निर्धारण गरी देहाय अनुसारको आम्दानी हुने सम्भावना देखिन्छ ।

**तालिका ८ : नक्सा पास दस्तुरको सम्भाव्यता विवरण**

| क्र.सं. | विवरण | संख्या | औसत दर (प्रति नक्सा प्रति वर्ग फिट) | औषत शुल्क दर | सम्भाव्य आय (रु.) |
|---|---|---|---|---|---|
| १ | पक्की घर नक्सा पास (औसत ८०० वर्ग फिट) | १५० | ३ | २४०० | ३६०००० |
| २ | कच्ची घर नक्सा पास (औसत ३०० वर्ग फिट) | ३० | १ | ३०० | ९००० |
| ३ | पुरानो घर अभिलेखिकरण प्रमाण पत्र (एकमुष्ट) | ५०० | २.५ | ५०० | २५०००० |
| ४ | प्लटिङ अनुमति प्रति विघा | १० | ३०००० | ६०००० | ६००००० |
| ५ | भवन निर्माण दरखास्त फारम | १५० | ५०० | ५०० | ७५००० |
| **जम्मा** | | | | **३२७०००** | **१२९४०००** |

**सुधारका पक्षहरू**

- गाउँपालिकाको आर्थिक ऐनमा नक्सा पास सम्बन्धी प्रगतिशील दस्तुरको दर निर्धारण गर्ने
- नक्सा पास प्रक्रियाले आयआर्जन मात्र नभई भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।
- नक्सा पासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने।
- घरको संरचना तथा बनोट आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने ।
- सचेतनामूलक तथा प्रचारात्मक अभियानहरु सञ्चालन गरी नक्सापास हुन बाँकी सबै घरलाई नक्सापासको दायरामा ल्याउने ।

### ४.१.१० सिफारिश तथा प्रमाणित दस्तुर

**हालको अवस्था**

गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुर तथा अन्य दण्ड जरिवानाको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट सङ्कलन गरी आएको छ । आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रू. १०० देखि २००० सम्म निर्धारण गरेको छ र गाउँपालिकाले गाउँ कार्यपालिका तथा वडा कार्यालयहरूवाट यस्तो दस्तुर सङ्कलन गरी आएको छ । वडावाट सङ्कलित सिफारिश तथा प्रमाणित दस्तुरवाट सङ्कलित रकम वडा सचिवहरूले गाउँपालिकाको राजस्व शाखामा हरेक हप्ता दाखिला गर्ने गरेका छन् । आ.व. २०७८/७९ मा यस शीर्षकवाट रू. ५ लाख सङ्कलन भयो भने चालु आ.व.को लागि २० लाख सङ्कलन गर्ने अनुमान रहेको छ ।

**संभाव्यता**

गाउँपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस लगायतका विभिन्न सिफारिसहरू गरे बापत लिईने दस्तुर, प्रशासनिक दण्ड जरिवाना, न्यायिक दण्ड जरिवाना तथा अन्य शुल्क यस शिर्षक अन्तर्गत राखिएकोछ, जुन गाउँपालिकाको प्रमुख आन्तरिक आय मध्ये एक हो । आगामी आ.व.मा हुन सक्ने सिफारिस तथा प्रमाणित दस्तुरको अनुमानित संख्या र प्राप्त तथ्यांक तथा विगतको आय प्रवृत्तिका आधारमा सिफारिस तथा प्रमाणित दस्तुर बापत करिब **२४ लाख १२ हजार** हाराहारीमा राजस्व प्राप्त हुने अनुमान गरिएको छ ।

**तालिका ९: शिफारिस तथा प्रमाणित दस्तुर सम्बन्धी विवरण**

| दस्तुर | औसत दैनिक | औसत बार्षिक निवेदन (बार्षिक १८० दिन) | औसत दर | सम्भाव्य राजस्व |
|---|---|---|---|---|
| बिभिन्न सिफारिस दस्तुर | १४ | २५२० | ३५० | ८८२००० |
| प्रमाणित दस्तुर | १० | १८०० | १५० | २७०००० |
| प्रशासनिक दण्ड जरिवाना | २ | ३६० | १००० | ३६०००० |
| न्यायिक दण्ड जरिवाना | १ | १८० | १५०० | २७०००० |
| अन्य शुल्क | ७ | १२६० | ५०० | ६३०००० |
| **जम्मा** | ३४ | | | २४१२००० |

**सुधारका पक्षहरू**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर स्पष्ट गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- सबै शुल्क सङ्कलनकालागि कम्प्युटरमा इन्ट्री गर्ने तथा कम्प्युटरबाट प्रिन्टेट बिलको व्यवस्था गर्ने।

### ४.१.११ पर्यटन शुल्क

**हालको अवस्था**

यस गाउँपालिकामा रमणीय पर्यटकीय तथा धार्मिक दृष्टिकोणले महत्वपुर्ण स्थानहरू रहेका छन् । तर पर्यटकीय पुर्वाधार विकासको अभाव तथा सहज पहुँच मार्ग नहुँदा यहाँको पर्यटन विकासले गति लिन सकिरहेको छैन । राजपुर गाउँपालिका तत्काल केहि वर्ष पर्यटन शुल्क उठाउने संभावना कम रहेको र यस बारेमा आर्थिक ऐनमा कुनै कुरा समावेश गरिएको पनि छैन । गाउँपालिकाले पर्यटन शुल्क उठाउन सक्ने व्यवस्था आर्थिक ऐनमा उल्लेख गरेको छैन । त्यसैले आगामी आर्थिक ऐनमा पर्यटन शुल्क उठाउने गरी शुल्क निर्धारण गर्नु पर्ने देखिन्छ ।

**संभाव्यता**

यहाँ पर्यटन शुल्क सङ्कलनको कम संभावना रहेको छ, राजपुरको भ्रमण गर्न वर्षेनी सयौं आन्तरिक तथा बाह्य पर्यटक आउने गर्छन् । पर्यटकीय पूर्वाधारको विकासलाई प्राथमिकताका साथ अगाडी बढाइएको खण्डमा आगामी बर्षहरूमा प्रसस्त पर्यटन शुल्क सङ्कलन हुन सक्ने देखिन्छ । यो गाउँपालिका बाह्य पर्यटकसँगै आन्तरिक (धार्मिक) पर्यटक भित्र्याउन सक्ने सम्भावना रहेको छ । चालु आ.व.मा यसमा राजस्व सङ्कलन हुने कुनै पनि अनुमान गरिएको छैन आगामी वर्ष करिब रू. **१० हजार** हाराहारीमा पर्यटन सेवा शुल्क बापतको राजस्व प्राप्त हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

पर्यटन शूल्क सङ्कलन प्रभावकारी बनाउन देहाय अनुसार कार्यहरू गर्नुपर्ने देखिन्छ :

- सम्भावित पयर्टकीय क्षेत्रहरूको गुरु योजना तयार गर्ने ।
- आर्थिक ऐनमा पर्यटन शूल्कको सङ्कलन सम्बन्धी व्यवस्था गर्दै शूल्कको दरलाई यथार्थपरक बनाउने ।
- पर्यटकीय सम्भावना भएका प्रमुख पर्यटकीय स्थलहरूको संभाव्यता हेरी पूर्वाधारको विकास गर्ने ।
- रमणीय पर्यटकीय तथा धार्मिक स्थल बारे प्रचार प्रसार गरी प्रवर्धन गर्ने ।
- सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार पर्यटन शूल्क सङ्कलनको व्यवस्था गर्ने ।

### ४.१.१३ सामुदायिक वनबाट प्राप्त रकम

**हालको अवस्था**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १०% रकम सम्बन्धीत गाउँपालिकाको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था गरेको छ ।यसैगरी वन ऐन, २०७६ को दफा १८(५) मा सामुदायिक वन उपभोक्ता समूहले समूहको चाहना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले सम्वन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्ययोजना बनाउन वा आवश्यकता अनुसार संशोधन गर्न सक्ने प्रावधान रहेको छ । यसैगरी सोही ऐनको दफा २२ मा सामुदायिक उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तिमा पच्चिस प्रतिशत रकम वनको विकास, संरक्षण, व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा पचास प्रतिशत रकम सम्वन्धित स्थानीय

तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ र बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिने उल्लेख छ ।

उपर्युक्त स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था र वन ऐनको व्यवस्था एक अर्कामा बाझिएको हो की भन्ने देखिए तापनि सामुदायिक वन समूहसँग सहमति गरी दुबैलाई फाइदा हुने गरी व्यवस्थापन गर्न सकिने देखिन्छ । यस अनुसार सामुदायिक वन समूहले गाउँपालिकाको परामर्शमा स्वीकृत गरेको कार्य योजना बमोजिम भएको आम्दानीको १० प्रतिशत स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान बमोजिम स्थानीय सरकारको खातामा दाखिला गर्ने र बाँकी ९० प्रतिशतलाई शतप्रतिशत मानी त्यसको २५ प्रतिशत वनको विकासमा, ५० प्रतिशत गाउँपालिकाको समन्वयमा गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकासमा खर्च गर्ने र बाँकी रकम समूहको हितमा खर्च गर्ने गर्दा सबै कानूनका प्रावधानलाई कार्यान्वयन गर्न सकिने हुन्छ । यसमा स्थानीय तहले यसरी सामुदायिक वन समूहबाट प्राप्त गरेको रकम सामुदायिक वनको हितमा र वातावरणीय संरक्षणमा मात्र खर्च गर्न पाउने प्रावधान अगाडि सारेर सामुदायिक वन समूहहरूसँग छलफल गरी सहमति गर्नु उपयुक्त हुन्छ ।

सामुदायिक वनबाट गाउँपालिकालाई रकम प्राप्त हुने प्रावधान स्थानीय सरकारसञ्चालन ऐनमा २०७५/११/१९ मा भएको केही नेपाल ऐन संशोधनबाट भएको हुनाले यस शीर्षकमा विगतमा आम्दानी भएको थिएन । साथै आ.व.२०७९/८० का लागि पनि गाउँपालिकाबाट यस शीर्षकमा रकम प्राप्त हुने अनुमान गरेको देखिँदैन ।

**<u>संभाव्यता</u>**

यस गाउँपालिकामा ४० वटा सामुदायिक वन रहेका हुनाले यहाँबाट प्राप्त आम्दानीको वन ऐन, २०७६ वमोजिम तोकिएको प्रतिशत रकम स्थानीय विकासका लागि महत्वपूर्ण स्रोत हुने देखिन्छ । यसरी ४० वटा सामुदायिक बनको कुल आम्दानीको १० प्रतिशत औषत रू २० हजार प्रति वनका दरले बार्षिक अनुमानित रकम **रू. ८ लाख** आय हुने देखिन्छ ।

**<u>सुधारका पक्षहरू</u>**

- सामुदायिक वन समितिलाई गाउँपालिकाले प्राप्त गर्ने आयबाट गरिने विकासका क्रियाकलाप सम्बन्धमा विश्वस्त बनाई उक्त रकम स्थानीय कोषमा जम्मा गर्न पहल गर्नु पर्ने ।
- गाउँपालिकाको क्षेत्रमा रहेका सबै ४० वटा सामुदायिक वनको अभिलेखीकरण गर्ने कार्य योजना तर्जुमा गर्न प्राविधिक सहयोग उपलब्ध गराउने ।
- वन संरक्षण र विकास तथा जडिबुटी खेती, कृषि, वन लगायतका जीविकोपार्जन सम्वन्धी क्रियाकलापहरूको व्यवस्थापन गर्न सहयोग तथा सहजीकरण गर्ने ।
- वन संरक्षण तथा उपयोग सम्वन्धी कार्यविधि स्वीकृत गरी लागु गर्नुपर्ने ।

### ४.१.१४ सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

**हालको अवस्थाः**

सरकारी सम्पत्तिको बहालबाट यस पालिकाले हाल सम्म राजस्व संकलन गरिरहेको छैन । गाउँपालिकाको स्वामित्वमा रहेको डोजर, ट्याक्टर, एम्बुलेन्स लगायतका सरकारी सम्पत्ति बहालमा दिए वापत यस किसिमको राजस्व प्राप्त गर्न सकिनेछ । गाउँपालिकाले सरकारी सम्पत्तिको बहालमा दिन सक्ने

व्यवस्था आर्थिक ऐनमा उल्लेख गरेको छैन । त्यसैले आगामी आर्थिक ऐनमा सरकारी सम्पत्तिको बहालमा दिन सक्ने व्यवस्था गरी शुल्क निर्धारण गर्नु पर्ने देखिन्छ ।

**संभाव्यताः**

गाउँपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहाल परिचालन सम्बन्धमा पर्याप्त तथ्यांकहरू नभएता पनि आगामी बर्षको आम्दानी रू. ३० हजार हाराहारिमा हुन सक्ने सम्भावना रहेको छ ।

**सुधारका पक्षहरूः**

- बहालमा लगाउन सकिने स्वामित्वमा भएका सम्पत्तिहरूको विवरण एकिन गरी बहाल रकमको दर निर्धारण गर्ने ।
- गाउँपालिकामा रहेका इक्यूपमेट प्रयोग तथा संचालनमा न्यूनतम शूल्कको व्यवस्था गर्ने ।
- बहाल रकम सङ्कलन गर्न सकिने व्यवस्था सहित आर्थिक ऐनमा सोको दर उल्लेख गर्ने ।
- गाउँपालिकामा रहेका इक्यूपमेट संचालन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालना भए नभएको आवधिक रूपमा अनुगमन गर्ने ।

### ४.१.१४ अन्य सेवा शुल्क (फोहरमैला व्यवस्थापन शुल्क)

**हालको अवस्था**

भित्री मधेश/राप्ती उपत्यका क्षेत्रमा अवस्थित यस गाउँपालिकाका धेरैजसो बस्तीहरू बाक्ला/गुजुमुज्ज रहेका छन् । सानो क्षेत्रमा गुजमुज्ञ धेरै घर रहेकाले हालसम्म फोहरमैला सङ्कलन तथा व्यवस्थापनमा समस्या रहेको छ । गाउँपालिकाले अलि बाक्लो तथा ठूलो बस्ती भएका क्षेत्रमा फोहरमैला सङ्कलन तथा व्यवस्थापनको काम शुरु गर्नु पर्ने देखिन्छ । गाउँपालिकाले फोहरमैला व्यवस्थापन शुल्क लिन सक्ने व्यवस्था आर्थिक ऐनमा उल्लेख गरेको छैन । त्यसैले आगामी आर्थिक ऐनमा फोहरमैला सङ्कलन तथा व्यवस्थापन शुल्क निर्धारण गर्नु पर्ने देखिन्छ ।

**संभाव्यता**

गाउँपालिकाले तत्कालै आफ्ना मूख्य बस्तीहरूबाट फोहरमैला व्यस्थापन कार्यक्रमसँगै शुल्क सङ्कलन कार्य प्रारम्भ गर्नु पर्ने देखिन्छ । कार्यशालाका दौरान गरिएको छलफलका आधारमा विश्लेषण गर्दा ७ वटा वडाका मूख्य बस्ती क्षेत्रमा करिब ३५०० व्यवसायी तथा घरधूरीसँग मासिक औसत रू. २० मात्र पनि सङ्कलन गरेको खण्डमा आगामी आ.व.मा यसबापत करिब **रू. ८ लाख ४० हजार** हाराहारीमा सङ्कलन हुन सक्ने देखिन्छ ।

**सुधारका पक्षहरू**

- हालको आर्थिक ऐनको व्यवस्थालाई पुनरावलोकन गरी फोहरमैला व्यवस्थापन शुल्कको दर, उत्पादन हुने फोहरको प्रकार र परिमाणलाई मध्यनजर गर्दै परिमार्जन गर्ने ।
- मूख्य बजार क्षेत्रमा रहेका व्यवसायी, संघ संस्था तथा घरधुरीहरूको लगत तयार गर्ने ।
- यस्तो शुल्क बेग्लै फोहोर मैला व्यवस्थापन शुल्क शीर्षक अन्तर्गत सङ्कलन गर्ने ।

### ४.१.१८ अन्य विविध आय

गाउँपालिका गाउँकार्यपालिकाले विभिन्न किसिमका फारमहरू बिक्रीबाट प्राप्त आयलाई बिक्री अन्तर्गत राखेको छ भने अन्य विविध आयमा, परिक्षा दस्तुर, प्रशासनिक दण्ड जरिवाना, पेश्की फिर्ता, तथा अन्य विविध आयहरू रहेका छन् । यस शीर्षक अन्तर्गत गाउँपालिकाले करिब **रू. ५ लाख** सम्म संकलन गर्न सक्ने अनुमान गरिएको छ ।

## ४.२ राजस्व परिचालनमा रहेका सवालहरू

गाउँपालिकाको स्थानीय आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई संवोधन गर्न निम्न कार्य गर्न आवश्यक देखिन्छः

### क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको स्रोत र आधारहरू बृद्धि गर्न गाउँपालिकाको राजस्व प्रशासनको वर्तमान संगठनको विस्तार गर्नु पहिलो कार्यको रुपमा देखिन्छ । गाउँपालिकाको नयाँ क्षेत्र तथा परिवर्तित राजस्व अधिकारको आधारमा गाउँपालिकाले भौतिक सुविधा, उपयुक्त मानव संशाधन व्यवस्था, क्षमता विकास तालिम, कार्यविधि, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ । त्यसका अतिरिक्त वडाहरूवाट समेत तोकिएका शीर्षकहरूमा आय सङ्कलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक रहेको देखिन्छ ।

### ख. उपयुक्त आर्थिक ऐन निर्माण

संवैधानिक व्यवस्था अनुसार कानून नबनाई कुनै पनि राजस्व सङ्कलन गर्न सकिदैन । गाउँपालिकाले आफ्नो बैग्लै आर्थिक ऐन बनाई लागू गर्दछ । यस गाउँपालिकाले पनि सोही अनुरुप आर्थिक ऐन तर्जुमा गरेको भए तापनि पूर्ण देखिदैन । तसर्थ गाउँपालिकाले सङ्कलन गर्ने सम्भाव्य राजस्व शीर्षकहरूको दर, सङ्कलनको व्यवस्था, दण्ड सजाय तथा पुरस्कारको व्यवस्था समेत उल्लेख गरी उपयुक्त आर्थिक ऐन निर्माण गर्नुपर्ने देखिन्छ ।

### ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालन सम्वन्धी नीति तथा मूख्य आय शीर्षकहरूवाट आय सङ्कलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धि व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् ।

### घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व सङ्कलनको लागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई तिर्नु पर्ने कर रकम सम्वन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा पनि प्रचार प्रसार गर्नु पर्दछ ।

### ङ. तथ्याङ्कमा आधारित अभिलेख

आन्तरिक आयको अधिकतम परिचालनकालागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धीत ब्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेख विना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

### च. समन्वय संयन्त्र

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई स्थापना गर्नु पर्दछ । आय सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट ब्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँड सम्वन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय सरकारहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नु पर्ने देखिन्छ ।

### छ. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको सङ्कलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संबाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फका केही सकारात्मक प्रयासहरू हुन सक्दछन्।

# परिच्छेद पाँच - राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ ।

